मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक १९६ ● २०८० साल जेठ १४ गते आइतबार ● Sunday 28, May 2023 ● सूर्योदयः बिहान ५:१२ बजे ● सूर्यास्तः साँझ ६:५३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# केपी ओलीको चाल



भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र पूर्वराजा ज्ञानेन्द्र शाहको अर्थपूर्ण भेटघाट।



कायम रहला यस्तै हासो ? (ओली र प्रचण्ड)



शुक्रबार नेकपा एमालेले गरेको सदन अवरुद्धको दृश्य।



खाएर पनि सांसद हुन नपाएका रेशम चौधरी



पहिचान पक्षधरले कोशी प्रदेश नामकरणको विरोधमा विराटनगरमा निकालेको आन्दोलन।



## बन्लान् यादव प्रधानमन्त्री ?



यस्तो अवस्थामा संसदमा देखिइने अबको दृश्य अरु डरलाग्दो हुनेछ। अर्थात् सरकार बनाउने र गिराउने खेल हुने छ। अहिले यादवलाई १४६ सिट देखाएर उभ्याइएपछि विश्वासको मत लिँदा नपुगे देश मध्यावधि निर्वाचनमा जाने छ। जसले यादवलाई घाटा भए पनि एमालेलाई फाइदै हुनेछ। उसले पटकपटक गरेको संसद विघटन पुष्टि गर्ने अवसर पनि हुनेछ। यतिखेर एमाले देशलाई अराजकताको बन्दी बनाउन नयाँ अनुहार खोजिरहेको छ र त्यो अनुहार उपेन्द्र यादव बन्लान्, नबन्लान् समयक्रमले देखाउँदै जाने छ। तर केपी ओलीको चाल भने सबैले समयमा बुझ्न जरुरी छ। अहिले उनले चालेको राजनीतिक चालले देश दीर्घकालसम्म असर भोगिरहनेमा शंका छैन।

**ध्रुव साह**
**वीरगंज।**

संसदको पहिलो दल नेपाली कांग्रेसले केही मन्त्री लिएर ३२ सिटको तेस्रो दल नेकपा माओवादीलाई प्रधानमन्त्री र दुई वर्षे सरकार दिएको विषयमा संसदमै केही एमाले सांसदहरुले 'जम्मा ४-५ मन्त्रीमा चित्त बुझाउने पार्टी हो कांग्रेस' भनेर कटाक्ष गरेको त यहाँहरुले देख्नु भएकै होला, सुन्नु भएकै होला। तर यो यतिकै कटाक्ष गरिएको विषय छैन। नेपाली राजनीतिमा 'पाइ-पाइ' हिसाब राख्ने नेकपा एमाले र अध्यक्ष केपी शर्मा ओलीको भित्री कुटिल चाल पनि हो। राजनीतिक दाउपेच हो। संसदमा यसलाई व्यंग्यवाणका रुपमा केही सांसदले उचालेका मात्र होइनन्, भित्री रुपमा पनि आफ्ना अनेक 'पञ्जादाउ'मा 'पार्टनर' हुन नचाहेपछि एमाले कांग्रेसलाई कुनै पनि हालतमा पल्टाउने 'भगिरथ प्रयास'मा जुटिरहेको संकेत पनि हो।

शुक्रबार पशुपतिको सुनको विषयमा नेकपा एमालेले संसद अवरुद्ध गऱ्यो। मूल विषय थियो, सरकारको नीति तथा कार्यक्रम। नीति तथा कार्यक्रम पुनर्लेखन गराउनै पर्छ भनेर एमाले अध्यक्ष ओली स्वयम्ले भनेपछि यसमा अलिअलि छेउछाउकै भाषामा पुग्यो राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टी पनि। नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीको मुद्दामा सर्वोच्चको फैसलाले स्वयम् सरकार संकटमा परेकै छ। नेपाली कांग्रेसले पनि रेशम चौधरीको रिहाइको पक्षमा माओवादीजसरी बोल्न चाहेन। बोलेन। पूर्वमा कोशीका नाममा असहमतिको आगो दन्किएपछि शनिबार बिहानैदेखि विराटनगरमा निषेधाज्ञा जारी छ। यो अनिश्चितकालीन हो। प्रदेशको नाम फेरौँ भनेर असन्तुष्ट पहिचान पक्षधर आन्दोलित छन्। जनताको ज्यान हरण भइसकेको छ। यस्तो अवस्थामा निषेधाज्ञा आगोमा पेट्रोल थपे झैँ हुने देखिन्छ। पूर्व सहजै शान्त हुने संकेत गरिरहेको छैन।
रेशम चौधरीलाई आममाफी दिने विषय राष्ट्रपतिले अदालतमा फिर्ता पठाइदिएका छन्। राजनीतिमा भर्खर लागेकी एलिजा गौतम (ऋषि धमलापत्नी)ले समेत 'रेशममाथि अन्याय भइरहे देशमा आगो बल्छ' भनिसकेकी छिन्। यसको मक्सद हो अब सुदूरपश्चिममा पनि विरोधको कार्यक्रम अरु तेज हुनेवाला छ। त्यहाँ हुने आन्दोलनले पहिचानका पक्षधरहरुलाई जुनै भूगोलमा आन्दोलित हुन उत्प्रेरित गर्नेछ।
यता, नेकपा एमालेको केन्द्रीय समिति बैठकमै संघीयता खारेजको मुद्दा पेचिलो बनिसकेको छ। अहिले सांसदहरु पनि यो विषयमा खुलेर बोल्न थालेका छन्। यता, नेकपा माओवादीभित्रै पनि रामकुमार शर्मालगायतका नेताहरु हिन्दूराज्यबारे सोचौँ भन्दै नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाललाई ज्ञापन पत्र बुझाउन गइसकेका छन्। उता, पूर्वराजा ज्ञानेन्द्र शाह बरोबर भारत, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथका पाहुना बनिरहेका छन्। नेपालमा पनि विभिन्न भूगोलमा राजसंस्था पक्षधरको जनमत बढ्दो छ। राप्रपाभित्र डा. धवल शमशेर राणा, ज्ञानेन्द्र शाहीलगायतका नेता तथा सांसदहरु खुलेर अब राजसंस्था र हिन्दूराज्यका पक्षमा जनमत फर्केकाले जनमत संग्रह, निर्वाचन जे भए पनि गरिहालौँ भन्ने वकालत तीव्र पारिरहेका छन्। झापाका दुर्गा प्रसाईंले खुलासा गरिसकेका छन् कि, 'जे गरिरहेको थिएँ, 'ओली हजुरबा'लाई सोधेरै गरिरहेको थिएँ।'
आर्थिक अवस्था जर्जर नै छ। सहकारी, विकास बैंक हुँदै बैंकले रकम जारी गर्न सक्ने अवस्था छैन। कर्मचारी संयन्त्र तलब नपाउने अवस्था पो आउँछ कि भन्दै संशयमा छन्। यस्तो अवस्थामा संसद एमाले आफ्नो अनुकुल मात्र चलाउन चाहन्छ। जहाँ एमालेको प्रशंसा होस्, एमालेले चाहेजस्तो होस्। किनभने संवैधानिक परिषद्मा एमालेकै बहुमत छ। यस्तो अवस्थामा के एमाले पुष्पकमल दाहाल र माधवकुमार नेपालको विद्रोहको घाउ सहजै बिर्सेर शेरबहादुर देउवालाई दिइएको अनेक अफरमा 'सरी, बुढेसकालमा म यी दुई बाहुनलाई धोका दिन्नँ' भनेर फर्काएको जवाफमा चुप लागेर कसरी बसोस् ? भए एमालेको पक्षमा हुन्छ, नत्र देश व्यवस्था परिवर्तनको १५ वर्षमा उसै पनि आन्दोलनमा गइरहेको पुरानो इतिहासमा जोडिन्छ भनेर भित्रीरुपमा सबैतिर आन्दोलनको आगो दन्काउन चाहन्छ। यसले फाइदा एमालेलाई नै पुग्ने उनीहरुको प्रक्षेपण छ।

## राजनीतिमा विकसित चार दृश्य

१. सरकार कमजोर बनाउँदै जाने।
२. आन्दोलनरत समूहरुलाई अरु आन्दोलित बनाउन मलजल गरिरहने।
३. नयाँ, पुराना सबै शक्तिलाई काबुमा राख्दै परेका बेला बहुमत पुऱ्याइदिने।
४. यदि यसो नभए सरकार असफल भएर देश फेरि मध्यावधी निर्वाचनमा जान्छ, लाभ एमालेलाई हुन्छ।

## के गर्दैछ एमाले ?

एमाले सरकारको नीति तथा कार्यक्रममा आफ्नो अनुहार राख्न चाहन्छ। नभए यसलाई फेल गराउन चाहन्छ। उसै पनि जेठ १५ गते अर्थात् गणतन्त्र दिवसका दिन बजेट ल्याउनै पर्ने नियम बनाइएको छ। यसैले अहिले नीति तथा कार्यक्रम असफल बनाउन एमाले सक्रिय छ। नीति तथा कार्यक्रममा आफ्नो धारणापछि अनेक बहाना गरेर संसद अवरुद्ध पारिरहने एमालेको चाहना शुक्रबारबाट लागु भइसकेको छ। यो निरन्तर हुन सक्छ। जेठ १५ गते बजेट ल्याउन रोक्न सके जनतामा अरु असन्तुष्टि बढ्नेछ। आन्दोलनको उभार आउनेछ।
यसले आन्दोलनरत दलहरु, पक्षहरु, समुदायहरु, सडकमा आउन तयार भएर बसेका पुरातन र राजावादी शक्तिहरुलाई पनि सडकमा ओराल्नेछ।

## के गर्दैछ एमाले ?

एमाले सरकारको नीति तथा कार्यक्रममा आफ्नो अनुहार राख्न चाहन्छ। नभए यसलाई फेल गराउन चाहन्छ। उसै पनि जेठ १५ गते अर्थात् गणतन्त्र दिवसका दिन बजेट ल्याउनै पर्ने नियम बनाइएको छ। यसैले अहिले नीति तथा कार्यक्रम असफल बनाउन एमाले सक्रिय छ। नीति तथा कार्यक्रममा आफ्नो धारणापछि अनेक बहाना गरेर संसद अवरुद्ध पारिरहने एमालेको चाहना शुक्रबारबाट लागु भइसकेको छ। यो निरन्तर हुन सक्छ। जेठ १५ गते बजेट ल्याउन रोक्न सके जनतामा अरु असन्तुष्टि बढ्नेछ। आन्दोलनको उभार आउनेछ।
यसले आन्दोलनरत दलहरु, पक्षहरु, समुदायहरु, सडकमा आउन तयार भएर बसेका पुरातन र राजावादी शक्तिहरुलाई पनि सडकमा ओराल्नेछ।

## यसपछि के हुनेछ ?

३२ सिटको माओवादीलाई सरकार सुम्पेजस्तै १२ सिटको उपेन्द्र यादवलाई एमालेले पुष्पकमल दाहाल प्रचण्डको विकल्पमा उतार्न भित्रीरुपमा बरोबर प्रस्ताव पठाइसकेको स्रोतको दाबी छ। उपेन्द्र यादव नेपाली राजनीतिमा अनेक कठोर संघर्षमा उदाएका शक्ति हुन्। २०७९ मंसिरमा एमालेसँग मिलेका यादव २०८० वैशाख १० गते भएको बारा-२ को उपनिर्वाचनमा एमाले हराउन एकत्रित सत्ता गठबन्धनकै आधिकारिक उम्मेदवार पो बने। आफ्ना पार्टीका नेतालाई उपराष्ट्रपति बनाए। आफू पनि एमालेलाई सर्लक्क छाडेर गठबन्धनमा आएर विजित भए। मधेश सरकारमा उनकै होल्ड छ। सरकारमा उनले मागेको मन्त्रालय र समिति पाउनेमा शंका रहेन। मधेशमा विरोधमा उत्रिन खोजे उनी सहजै प्रदेश सरकारमा 'विना विभागीय' बनाइदिने हैसियत राख्छन्। जो देखिएकै छ।
उपेन्द्र यादवका लागि अबको लक्ष्य प्रधानमन्त्री हो। केहीदिन यता एमाले अध्यक्ष ओलीले यो बाटो पनि तय गरिदिएका छन्। पुष्पकमल दाहाल, शेरबहादुर देउवा र माधवकुमार नेपालसँग एकसाथ बदला लिन ओली यादवलाई प्रधानमन्त्री दिन तयार छन्। एमालेले यादवलाई पठाएको अंकगणितीय प्रस्ताव यस्तो छः

## संसदमा उपस्थितिः २७५, आवश्यक बहुमत १३८

१. नेपाली कांग्रेसः ८८ (समानुपातिक ३२)
२. नेकपा एमालेः ७८ (३४ समानुपातिक)
३. नेकपा माओवादी केन्द्र : ३२ (१४ समानुपातिक)
४. राष्ट्रिय स्वतन्त्र पार्टी : २१ (१३ समानुपातिक)
५. राष्ट्रिय प्रजातन्त्र पार्टीः १४ (७ समानुपातिक)
६. जनता समाजवादी पार्टीः १२ (५ समानुपातिक)
७. जनमत पार्टीः ६ (समानुपातिक ५)
८. नेकपा (एकीकृत समाजवादी) : १०
९. नागरिक उन्मुक्ति पार्टी : ३
१०. लोकतान्त्रिक समाजवादी पार्टीः ४
११. राष्ट्रिय जनमोर्चा : १
१२. नेपाल मजदुर किसान पार्टी :१
१३ स्वतन्त्र सांसदहरुः ५

## उपेन्द्र यादवलाई एमालेले जुटाइदिएको १४६ सिट

१. नेकपा एमालेः ७८
२. राष्ट्रिय स्वतन्त्र पार्टी : २१
३. राष्ट्रिय प्रजातन्त्र पार्टीः १४
४. जनता समाजवादी पार्टीः १२
५. जनमत पार्टीः ६
६. नागरिक उन्मुक्ति पार्टी : ३
७. लोकतान्त्रिक समाजवादी पार्टीः ४
८. नेकपा एकीकृत समाजवादी : ४
९. नेपाल मजदुर किसान पार्टी :१
१०. राष्ट्रिय जनमोर्चाः १
११. स्वतन्त्र सांसदहरुः ३
नोटः यहाँ नेकपा एकीकृत समाजवादीमा रहेका ४ जना सांसद अर्थात् ४० प्रतिशत पुऱ्याएर माधवकुमार नेपालको पार्टी फुटाउने र त्यो चारजनाको अर्को पार्टी बनाएर एमाले अनुकुल चल्ने गरी सबै योजना बनिसकेको प्रतिवद्धता पनि यादवलाई एमालेले पठाएको किस्तीमा समेटिएको छ।



# हुलाक प्रमुख कुर्मी रकम हिनामिना आरोपमा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला हुलाक कार्यालय बाराका प्रमुख बलिराम प्रसाद कुर्मी बचतकर्ताको ठूलो रकम हिनामिना आरोपमा पक्राउ परेका छन्। बचतकर्ताले जम्मा गरेको १ करोड ९५ लाख रुपैयाँ भन्दा बढी रकम ठगेर फरार रहेका कुर्मी पक्राउ परेका हुन्।
पर्सा, बहुदरमाई नगरपालिका वडा नम्बर २ घर भई जिल्ला हुलाक कार्यालय बारामा प्रमुख रहेका कुर्मीले हुलाक बचत बैंक बारामा बचतकर्ताले जम्मा गरेको १ करोड ९५ लाख ३४ हजार ९ सय ६६ रुपैयाँ हिनामिना तथा ठगेर फरार रहेकामा शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए।
जिल्ला हुलाक कार्यालय बाराका प्रमुख कुर्मीउपर ठगी मुद्दा दर्ता गरी जिल्ला अदालतबाट ५ दिनको म्याद थप गराई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखिएको प्रवक्ता पाण्डेले बताए।

# महानगरमा ३३ कम्प्युटर अपरेटर थपिने



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले कम्प्युटर अपरेटर पदमा नयाँ कर्मचारी पूर्ति गर्न शुक्रबार परीक्षा लिएको छ। खुला आवेदनमार्फत महानगरले ३३ कम्प्युटर अपरेटर भर्ना गर्न परीक्षा लिएको हो।

प्रारम्भिक योग्यताक्रममा परेका आवेदकको परीक्षा लिइएको महानगरका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए। २०७९ माघ २५ गते सूचना सार्वजनिक गर्दै आवेदन माग गरेकामा १ हजार ४ सय ८० जनाले दरखास्त बुझाएका थिए। जसमध्ये वैशाख १९ गते प्रारम्भिक योग्यताक्रम सार्वजनिक गर्दा १ हजार ४ सय ५१ जनाको नाम प्रकाशित भएको थियो। प्रारम्भिक सूचीमा नाम प्रकाशित भएकाको त्रिजुद्ध मावि र त्रिभुवन हनुमान मावि परीक्षा केन्द्रबाट परीक्षा लिइएको प्रशासन प्रमुख ताम्राकारले जानकारी दिए। परीक्षाको महानगर प्रमुख राजेशमान सिंहले अनुगमन गरेका थिए।

# प्रेस युनियनको प्रभात फेरी




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रेस युनियनको ३२ औं स्थापना दिवसका अवसरमा वीरगंजमा प्रभात फेरी गरिएको छ। वीरगंजस्थित घण्टाघर चोकबाट निकालिएको प्रभात फेरी माइस्थान, आदर्शनगर, घडीअर्वा पोखरी हुँदै नगर परिक्रमा गरी पुनः घण्टाघर चोक पुगेर समापन भएको थियो। समापन कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहानले लोकतन्त्रवादी सञ्चारकर्मीको साझा संगठन प्रेस युनियन श्रमजीवी सञ्चारकर्मीको हकअधिकार र पेशागत सुरक्षाका लागि सदैव लड्दै आएको बताए। नेपाल प्रेस युनियनका केन्द्रीय सचिव अशोक तिवारीले कुनै पत्रकार क्रियाशील नभए त्यसको सदस्यता नवीकरण नगर्न नेपाल पत्रकार महासंघ पर्सा शाखाको नेतृत्वलाई आग्रह गरे। नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका मधेस प्रदेश महासचिव श्याम बन्जारा, नेपाल प्रेस युनियनकी केन्द्रिय सदस्य निलिमा पौडेल, श्रीराम रायमाझी, नेपाल प्रेस युनियन पर्साका पूर्व अध्यक्ष रामनारायण कुर्मीलगायतको सहभागिता थियो।

# महानगरपालिका मौन
# नालामाथि अव्यवस्थित माछामासु बजार



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले नगरको सरसफाइ, स्वच्छता र समृद्धिका लागि सञ्चालन गरेको कार्यक्रमको सर्वत्र प्रशंसा भए पनि मुख्य बजार क्षेत्रमै नालामाथि सञ्चालित अव्यवस्थित माछामासु पसलमा ध्यान नदिएको उपभोक्ताको गुनासो छ। वीरगंजको छपकैयादेखि मुर्ली हुदै पावरहाउस चोकसम्म रहेका सयौँ माछामासु पसल नालामाथि रहेका र गर्मीको समयमा नालाबाट आउने झिङ्गाको कारण मासु दुषित हुने गरेको र दुषित माछा मासु उपभोक्ताले प्रयोग गर्ने गरेका छन्। वीरगंज महानगरपालिकामा व्यवस्थित बधशाला नभएको र अव्यवस्थित तरिकाले काटिएको मासु नालामाथि बनाइएको टहराबाट बिक्री वितरण हुँदै आएको छ। त्यसैगरी, वीरगंजमा साप्ताहिक हाटबजार लाग्ने स्थानमा समेत खुलेयाम रुपमा सडक किनारको नालामाथि माछामासुको बिक्री वितरण हुने गरेको भए पनि महानगरपालिकाले यसतर्फ ध्यान नदिएको उपभोक्ताले बताए। महानगरपालिकाले पटकपटक माछामासु व्यवसायीलाई बोलाएर व्यवस्थित रुपमा सफा र स्वच्छ मासु बिक्री वितरण गर्न निर्देशन दिएको बताउँदै नालामाथि सञ्चालित माछामासु पसललाई कारबाही गरिने महानगरपालिकाले जनाएको छ।नगर प्रहरीसहितको टोली माछामासु पसलको अनुगमनमा निस्किए पनि कारबाही गर्न नसक्दा समस्या बढ्दै गएको र नगरवासी अस्वथ्यकर माछा मासु उपभोग गर्न बाध्य भएको वीरगंज रेल्वे रोडका उपभोक्ता शम्भु थापाले गुनासो गरे। वीरगंजमा एउटै पनि माछामासु पसल स्वास्थ्य मापदण्डअनुसार सञ्चालनमा नरहेको बताउँदै थापाले जथाभावी बाहिर खुला स्थानमा राखेर फोहोर मासु बिक्री हुँदासमेत महानगरले चासो नदेखाएको भन्दै आक्रोश व्यक्त गरे।

मासु व्यवसायीले नगरपालिकाको निर्देशनका बाबजुद मापदण्डविपरीत व्यवसाय गरी मानव स्वास्थ्यसँग खेलवाड गरिरहेको भन्दै अधिकारकर्मी कृष्ण खनालले आपत्ति व्यक्त गरे।

# इन्धनमा नौ महिनामा २० लाख रुपैयाँ



**मधेशदृष्टि**
**बारा।**
परवानीपुर गाउँपालिका कार्यालयका जनप्रतिनिधिले ९ महिनामा २० लाख रुपैयाँ इन्धनमा खर्च गरेका छन्। गाउँपालिकाले कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पालिकामा पेट्रोल र डिजल प्रयोगमा मासिक दुई लाख रुपैयाँ भन्दा बढी खर्च हुँदै आएको हो।

गाउँपालिका कार्यालयमा पालिका अध्यक्षदेखि कार्यालय सहयोगीसमेतले आफ्नो सुविधाअनुसार इन्धनको खपत गर्दै आएका छन्। पालिकाको तथ्यांकअनुसार पालिका अध्यक्ष, उपाध्यक्ष र प्रशासकीय अधिकृतले मात्र साढे ७ सय लिटर भन्दा बढी इन्धन खपत गरीरहेको देखिएको छ। यस्तै, पालिकाको विभिन्न शाखाका प्रमुखदेखि कार्यालय सहयोगीसहित ४३ जनाले आफ्नो आवश्कताअनुसार इन्धन लिँदै आएको कार्यालयको तथ्यांकबाट देखिएको छ। कार्यालयका अनुसार, कार्यालयमा मासिक ५ सय १० लिटर पेट्रोल र ७ सय १० लिटर डिजल खपत हुँदै आएको छ। यस्तै, पालिकामा रहेको डोजर र ट्र्याक्टरले भने आवश्कताअनुसार खपत गर्दै आएका छन्। जुन पालिकाले उपलब्ध गराएको तथ्यांकमा उल्लेख नभएको पाइएको छ।

गाउँपालिकाको इन्धन शीर्षकमा नौ महिनामा २० लाख रकम सकिएपछि अहिले इन्धन वितरण रोकिएको परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना प्रसाद रौनियारले जानकारी दिए। परवानीपुर गाउँपालिकाले इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढेको जनप्रतिनिधिले नै बताएका छन्।

# उद्योगका ट्रक–कन्टेनर मूलसडकमै पार्किङ



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज पथलैया छ लेनको व्यापारिक मार्गमा २४ सै घण्टा जथाभावी सवारी साधन पार्किङ हुँदै आएको छ। व्यापारिक मार्गको गण्डकदेखि पथलैयासम्म औद्योगिक क्षेत्रमा पर्ने मुख्य सडकमा सवारी साधन घण्टौँसम्म पार्किङ हुदै आएको हो।

वीरगंज पथलैया औद्योगिक करिडोर अर्न्तगत पर्ने उद्योगमा कच्चा पदार्थ लिएर आएका ट्रक, कन्टेनर, सामान लोड गरेका गाडी घण्टौँसम्म दिनरात सडकमै पार्किङ गर्ने गरिएको छ। औद्योगिक कोरिडोरमा सवारी साधन पार्क गरेर राख्न नपाइने भए पनि यहाँका उद्योगमा कच्चा पदार्थ बोकेर आएका ट्रक चार दिनसम्म सडकमै पार्किङ गरेर राख्ने गरिएको हो। यसरी २४ सै घण्टा व्यापारिक मार्गमा ट्रक पार्क हुन थालेपछि दुर्घटनाको जोखिमसमेत बढ्दै गएको छ।

वीरगंज पथलैया सडकखण्डमा प्रायःजसो दैनिक रुपमा साना-ठूलो दुर्घटना भइरहेका छन्। सडकमै जथाभावी सवारी पार्किङ गर्दा आवतजावत गर्ने अन्य सवारी साधनलाई समस्या हुँदै आएको छ। अझै निर्माणक्रममै रहेको वीरगंज पथलैया व्यापारिक मार्गमा जथाभावी सवारी पार्किङ हुने क्रम बढे पनि ट्राफिक प्रहरी भने मूकदर्शक बनेको स्थानीयले बताए। वीरगंजको गण्डक चोक र परवानीपुर चोकमा चौबीसै घण्टा ट्राफिक प्रहरी चेकपोष्ट बनाएर बस्ने गरेको भए पनि चेकपोष्टभन्दा आधाकिमी कम दूरीमा सडकमै सवारी पार्किङ हटाउनतर्फ ट्राफिक प्रहरीले चासो नदिएको सार्वजनिक यातायातका चालकहरुले गुनासो गरेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक मणिराम थापाले व्यापारिक मार्गमा लामो समयसम्म सवारी साधन पार्क गरेर राख्न नपाइने बताए। उनले व्यापारिक मार्गमा सवारी पार्क गर्नेलाई सम्झाइबुझाइ पार्क गर्न नलगाउने अटेरी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए।

# 'नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रणका लागि ठोस कुरा आएन'

**रासस**
**काठमाडौँ।**
प्रमुख प्रतिपक्ष दलका सांसदहरूले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषि, रोजगार र भ्रष्टाचार नियन्त्रणका लागि ठोस कार्यक्रम समेट्न नसकेको बताएका छन्। शनिबार बसेको प्रतिनिधिसभाको बैठकमा नीति तथा कार्यक्रममाथिको क्रममा उनीहरुले ती कार्यक्रमका लागि नीति तथा कार्यक्रममा स्पष्ट उद्देश्य र प्राथमिकता निर्धारण गर्न नसकेको बताए। सांसद सन्तोष परियारले विगतको तुलनामा नीति तथा कार्यक्रम धेरै फरक आउन नसकेको बताए। उनले नीति तथा कार्यक्रममा दलितका विषय नसमेटिएको बताए। 'नीति तथा कार्यक्रम हिजोको जस्तै आयो त भन्दिन तर सरकारी तथ्याङ्कले देखाएको १३ प्रतिशत दलितलाई यसले छुन सकेको छैन', उनले भने।



उनले भ्रष्टाचारको विषयमा पनि नीति तथा कार्यक्रममा सशक्त र ठोस कार्यक्रम नभएको बताए। 'सबैभन्दा धेरै भ्रष्टाचार विकासका कार्यक्रम र परियोजनामा हुन्छ, भ्रष्टाचार नियन्त्रण गर्ने हो भने यस नीति तथा कार्यक्रममा त्यसअनुसारको सशक्त र ठोस कुरा आउनुपर्ने थियो।'सांसद बुद्धिमान तमाङले नीति तथा कार्यक्रमलाई उँटको सङ्ज्ञा दिँदै भने, 'कहाँ पुग्ने, लक्ष्य र प्राथमिकता के हो भन्नेमा नै चरम अलमल र द्विविधा भएको कार्यक्रममा सत्ता साझेदारको कार्यक्रमलाई समेट्दा यता र उता मिलाउँदा मिलाउँदै उँटजस्तै बनेको छ।'

छलफलमा सांसद मेटमणि चौधरीले नीति तथा कार्यक्रममा अर्थतन्त्रको पुनरुत्थान, राज्यको सबै तहमा सुशासनको प्रत्याभूति, विकास निर्माणमा तीव्रता, सेवा प्रवाहमा सरलीकरण, राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्ने विषय समावेश भएको भन्दै विरोध गर्न आवश्यक नभएको बताए। उनले भने, 'अनावश्यक निहुँ खोज्ने र असमर्थन गर्ने कुरा छैन। नीति तथा कार्यक्रमले अर्थतन्त्रको पुनरुत्थानदेखि राष्ट्रिय हितको संरक्षण र संवर्द्धनलगायतका धेरै महत्वपूर्ण विषय समेटेको छ। त्यसलाई बेठीक बनाउने र पुनर्लेखन गर्ने भन्ने कुरा गलत हो।'

सांसद सेराज अहमद फरुकीले नीति तथा कार्यक्रमले शिक्षा, स्वास्थ्य र मौलिक अधिकारलाई ध्यान दिन नसकेको भन्दै पुनर्लेखन गर्न माग गरे। उनले रोजगार र शिक्षाका लागि युवा विदेशिने क्रम रोक्न सरकारको ठोस कार्यक्रम नल्याएको समेत बताए। सांसद शान्ति चौधरीले कृषिलाई प्राथमिकता नदिएको भन्दै कृषि क्रान्ति दशक घोषणा गर्न माग गरे। 'सरकारको नीति तथा कार्यक्रममा समाजवादोन्मुख आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने कुरा उल्लेख गरेको छ। तर कृषिप्रधान देश नेपालको अर्थतन्त्र कृषि क्षेत्र हुँदाहुँदै कार्यक्रममा महत्व दिइएको छैन।'सांसद शोभा ज्ञवालीले स्वरोजगारलाई प्रोत्साहन, घरेलु र लघुउद्यमी निर्माणका लागि ठोस कार्यक्रम राख्न सुझाव दिईन्। सांसद गङ्गाप्रसाद यादवले सुकुम्बासी समस्या समाधानमा जोड दिए। सांसद सन्जु शर्मा अन्सारीले मुस्लिम समुदायका विद्यालयलाई सरकारी विद्यालयसरह मान्यता दिनुपर्ने, कृषिमा नगदे बालीलाई प्रथामिकतामा राख्न, अर्ग्यानिक मल उद्योग सञ्चालन र बन्द उद्योगको पुनः सञ्चालन गर्न जोड दिए। उनले तेस्रो लिङ्गीका लागि विशेष कार्यक्रम व्यवस्था गर्नसमेत सुझाव दिए।

# जलहरीमा भ्रष्टाचार भएको अभिव्यक्ति रेकर्डबाट हटाउन निर्देशन

**रासस**
**काठमाडौँ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पशुपतिनाथ मन्दिरमा रहेको जलहरीका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन परी छानबिन अनुसन्धान भइरहेको बताएका छन्। प्रतिनिधिसभाको शनिबारको बैठकको सुरुआतमै सो सम्बन्धमा सरकारको धारणा राख्दै उहाँले यस विषयमा आयोगले स्वतन्त्र एवं निष्पक्ष छानबिन गर्ने बताए। छानबिनमा सरकारको सहयोग रहने उनको भनाइ छ।



'कोषसँग सम्बन्धित पशुपतिनाथको जलहरी विषयमा प्रमुख प्रतिपक्षी दलको नेतालाई जोडेर सदनमा व्यक्त विचार हुनु उचित होइन, यस्ता विषय संसद्को रेकर्डबाट हटाउने प्रचलन पनि रहेको छ', प्रधानमन्त्री दाहालले भने।

जलहरीलगायत क्षेत्रमा काम गर्ने क्षेत्राधिकार पशुपति विकास कोष भएकाले सोही संस्थाले काम गरेको विषयमा कुनै विवाद नरहेको उनको भनाइ छ।

बैठकमा सभामुख देवराज घिमिरेले यही जेठ १० गते नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने क्रममा सांसद लेखनाथ दाहालले प्रयोग गरेको विचारभित्र 'स्वास्थ्य सामग्रीको दुई अर्बको भ्रष्टाचार र पशुपतिनाथको जलहरी लगाउँदा सुन भनेर पित्तल लगाएर गरेको भ्रष्टाचारहरू' भन्ने शब्द संसद्को अभिलेखबाट हटाउन निर्देशन दिए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन, तपाइको को कार्यको उचित मूल्यांकन होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला। अधुरा काम बन्नाले मन हर्षित होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ। परिवारजनको सहयोग पाइएला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ। आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला। प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला।

# अनुगमन गर्ने निकाय नै अनियमितततामा संलग्न



**मधेशदृष्टि**
**सिरहा।**
चालु आर्थिक वर्षको अन्त्यसँगै यत्रतत्र असारे विकास निर्माण कार्य धमाधम भइरहेको छ । सिराहाको कर्जन्हा नगरपालिकामा बजेट फ्रिज हुने अवस्था आएपछि ठेकेदारले मनपरी ढंगले काम गर्दै मापदण्डसमेत मिचेर जथाभाविरुपमा संरचना बनाउन थालेका छन्।

ढल निर्माणमा मापदण्डसहितको प्रक्रिया पूरा गरेको अनुगमन गर्ने निकाय नै ठेकेदारसँग मिलेर अनियमितततामा संलग्न रहेको स्थानीयवासीको आरोप छ।

सिराहाको कर्जन्हा नगरपालिका मरेवामा निर्माण भएकै दिन नाला चर्किन थालेको छ । बस्तीपुरदेखि भेडियाँ, चिक्ना भोक्राहा जोड्ने मुल सडकको कर्जन्हा नगरपालिका वडा नम्बर ७ स्थित सिमरा, मरेवामा सडकको दुबै साइडमा निर्माण हुन लागेको नालाको काममा कमसल र गुणस्तरहीन काम हुँदा नालाको बीचभागमा चीरा परेको हो।

गुणस्तरहीन सामग्री प्रयोग गरेर बनाइएको भन्दै स्थानीयवासीहरु विरोधमा उत्रेका छन् । निर्माणको जिम्मा पाएको पवन एण्ड जीवन निर्माण सेवा कम्पनीले गुणस्तरहीन काम गरेको भन्दै उनीहरुले नाला निर्माणमा अवरोध सृजनासमेत गरेका छन् ।गुणस्तरहीन काम भएको सूचना पाएपछि मेयर भोलाप्रसाद पोखरेलले आफूले अनियमितता हुन नदिने दावी गरे।

ठेकेदार कम्पनी भने मापदण्डसहितको काम गरिरहेको दाबीसमेत गरिरहेको छ । वर्षा र माटोको दवावले गर्दा कँहीकतै नालाको पर्खाल चर्किएको हुनसक्ने ठेकेदारको जिकिर रहेको छ।

# नेपाल–भारत सुरक्षा बैठकमा चोरी तस्करीबारे छलफल

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल र भारतका सीमावर्ती क्षेत्रका सुरक्षा बैठकमा चोरी, तस्करीदेखि लागूऔषध नियन्त्रणसम्मका विषयमा छलफल भएको छ।

शनिबार भारत बिहार प्रान्तको सीतामढी जिल्लासँग सिमाना जोडिएका नेपालका जिल्लाका सुरक्षा अधिकारीहरुको संयुक्त बैठकमा छलफल भएको हो।

यस बैठकमा खुला सीमानाकाका कारण हुन सक्ने चोरी तस्करी नियन्त्रण, लागू औषध तथा मदिराको ओसारपोसार नियन्त्रण, सीमावर्ती क्षेत्रमा हुने विविध खाले अपराधिक गतिविधिसहितका सूचना आदानप्रदान, अवैध मुद्रा कारोबार नियन्त्रण तथा सुरक्षा संवेदनशीलताको विषयमा छलफल भएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए।

यस बैठकमा नेपालको सर्लाही, महोत्तरी र रौतहट तथा भारतको सीतामढी जिल्लाका



पदाधिकारीसमेतको सहभागीता रहेको थियो।

महोत्तरीका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा महोत्तरी, सर्लाही र रौतहटका प्रमुख जिल्ला अधिकारी, महोत्तरी र सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरीका प्रहरी उपरीक्षकहरु, सशस्त्र प्रहरी बल नेपालका प्रहरी उपरीक्षकहरु, राष्ट्रिय अनुसन्धानका उपअनुसन्धान निर्देशकहरु र जिल्लाका भन्सार कार्यालयका कार्यालय प्रमुखहरुहरुको समेत सहभागीता रहेको थियो।

त्यस्तै भारतको तर्फबाट सीतामढी जिल्लाका मुख्य जिल्ला अधिकारीको नेतृत्वमा पुलिस अधिक्षक, भन्सार प्रमुख तथा एसएसबिका पदाधिकारीहरुको उपस्थिती रहेको थियो।

# दुर्घटनामा एकको मृत्यु



**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा मोटरसाइकल र स्कुटर एकआपसमा ठोक्किदाँ एकको मृत्यु भएको छ भने तीन जना घाइते भएका छ्न् । सिरहाको नरहा गाउँपालिका वडा नम्बर ३ स्थित अंकुर होटल नजिक प्रदेश-२-०१००३ प ६३२१ नम्बरको स्कुटर र स ७ प २६१२ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किदाँ नरहा गाउँपालिका-३ का रन्जित साहको मृत्यु भएको हो।

दुर्घटनाका कारण साहको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यलय गोलबजारका प्रहरी निरीक्षक डुपेन्द्र प्रसाद बुदाथोकीले जानकारी दिए।

त्यस्तै दुर्घटनामा परी मिर्चैया नगरपालिका नगरपालिका वडा नम्बर ३ बस्ने उमेश महरा र बेचन महरा र सन्जय ठाकुर घाइते भएका छन्।

घाइतेमध्ये उमेश महराको अवस्था भने गम्भीर रहेको गोलबजार प्रहरीले जनाएको छ।

# प्रजातन्त्रको सुदृढीकरणमा सबै लाग्नुपर्छ : देउवा

**रासस**
**काठमाडौं।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रजातन्त्रको सुदृढीकरणका लागि सबै लाग्नुपर्ने बताएका छन्।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनको ३२औँ स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उनले प्रजातन्त्रलाई बलियो बनाउनका लागि सबै लाग्नुपर्ने बताएका हुन्। प्रजातन्त्रलाई बलियो बनाउन प्रेस युनियनले खेलेको भूमिका सराहनीय रहेको उनको भनाइ थियो ।'प्रजातन्त्रको विकल्प भनेकै प्रजातन्त्र हो, प्रजातन्त्रको खिलापमा केही शक्ति लागेका छन्, यसप्रति सबै सजग हुनुपर्छ', सभापति देउवाले भने । लोकतन्त्रमा प्रेसले गर्ने आलोचनालाई सहन सक्ने क्षमता राख्नुपर्ने उनको भनाइ छ।

नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले लोकतन्त्र र प्रेस एक सिक्काका दुई पाटा भएको बताए। 'प्रेस स्वतन्त्रताबिना लोकतन्त्रको अस्तित्व रहँदैन, लोकतन्त्र रक्षाका लागि कांग्रेस लाग्नुपर्छ', उनले भने। पत्रकार महासङ्घको निर्वाचन र नेपाल प्रेस युनियनको निर्वाचनमा पार्टीका नेताको आड लाग्ने प्रवृत्तिको अन्त्य गर्नु जरुरी रहेको विश्वकर्माले बताए । प्रेस युनियनमा व्यावसायिक क्षेत्रलाई प्राथमिकता दिन उनले सुझाव दिए।



कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले लोकतन्त्रलाई बलियो बनाउनका लागि कांग्रेसभित्र उत्साह थप्नुपर्ने बताए । 'नौ महिनासम्म केन्द्रीय समितिको बैठक बस्न सकेको छैन, पार्टीभित्र विभाग गठन भएका छैनन्, यसका कारण पार्टी कमजोर बन्दै गएको छ', उनले भने।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल, पूर्वअध्यक्ष हरिहर विरही, तारानाथ दाहाल, नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष किरण पोखरेल, पूर्वउपाध्यक्ष दामोदरप्रसाद दवाडी, युनियनका संस्थापक नेता शोभाकर पराजुली, नेपाल प्रेस काउन्सिलका सदस्य रामप्रसाद दाहाललगायतले लोकतन्त्रलाई सुदृढ बनाउने दिशामा श्रमजीवी पत्रकारले कलम चलाउनुपर्ने बताए । उनीहरुले सञ्चार क्षेत्र कमजोर भए लोकतन्त्र कमजोर हुने भएकाले लोकतन्त्रलाई बलियो बनाउन नेपाल प्रेस युनियन लाग्नुपर्नेमा जोड दिए।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले प्रेस युनियनलाई शुद्धिकरण गर्दै संस्थागत ढङ्गले अगाडि बढाउनका लागि वर्तमान कार्यसमिति लागिपरेको बताए । उनले युनियनका अधिकांश प्रदेश र जिल्लाको अधिवेशन सम्पन्न भइसकेको उल्लेख गर्दै यसै महिनाभित्र बाँकी जिल्ला र प्रदेशको अधिवेशनसमेत सम्पन्न गरिसक्ने बताए। अध्यक्ष लम्सालले कांग्रेसले जितेका स्थानीय तह र कांग्रेसको नेतृत्वमा सञ्चालन भएका प्रदेश सरकारले प्रेसमैत्री कानुन निर्माण गर्दैनन् कि भन्ने शङ्का बढेको भन्दै यसमा पार्टीलाई रचनात्मक भूमिका निर्वाह गरिदिन आग्रह गरे।

युनियनका उपाध्यक्ष नकुल अर्यालले लोकतन्त्रप्रति प्रतिबद्ध नेपाल प्रेस युनियनलाई पार्टीको महाधिवेशन प्रतिनिधि बनाउने चलनको अन्त्य हुनुपर्ने धारणा राखेका थिए। विसं २०४८ जेठ १३ गते स्थापना भएको नेपाल प्रेस युनियनले २०८० साललाई 'प्रशिक्षण वर्ष'का रुपमा अगाडि बढाउन लागेको महासचिव दिलीप पौडेलले जानकारी दिए । प्रशिक्षण वर्षमा युनियनले देशैभरि पत्रकारको हक, हित र अधिकारका साथै उनीहरुको क्षमता अभिवृद्धि र समाचार लेखन विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

# कार्यपालिका सदस्यको पद खारेज



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको भंगहा नगरपालिकाको कार्यपालिका सदस्य विजय मण्डलको पद उच्च अदालत जनकपुरले बदर गरेको छ।

उच्च अदालत जनकपुरका न्यायाधीशद्वय भोजराज अधिकारी र रामेश्वर रेग्मीको संयुक्त इजलासले कार्यपालिकाको सदस्य मण्डलको पद बदर गर्ने फैसला गरेको हो।

नेपाली काँग्रेसबाट मेयर पदमा पराजित भएका थिए । त्यसपछि मण्डल कार्यपालिका सदस्यका लागि अल्पसंख्यक सूचिबाट सदस्यमा निर्वाचित भएका थिए।

अल्पसंख्यक अन्तर्गत धानुक ( मण्डल) जात नपरेपनि निर्वाचन अधिकृतको कार्यालयले मण्डलको उम्मेदवारी दर्ता भने कायमै राखेको थियो ।तत्माले जिल्ला निर्वाचन कार्यालय महोत्तरी र निर्वाचन अधिकृतको कार्यालय भंगहा समेतलाई विपक्षी बनाइ उच्च अदालत जनकपुरमा रिट दायर गरेका थिए ।सो रिटमाथि सुनुवाई गर्दै उच्च अदालतले मण्डलको पद खारेजीसँगै निर्वाचन प्रक्रिया मार्फत पदपुर्ति गर्न आदेश दिएको उच्च अदालतका शाखा अधिकृत कुवेर ढुंगेलले जनाएका छन्।

# मदर्शा गुलशने अजमेरीको आयोजनामा रक्तदान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा मर्क जुद्दाराजतिस सुन्नीय मदर्शा गुलशने अजमेरीको आयोजनामा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-८ स्थित मर्क जुद्दाराजतिस सुन्नीय मदर्शा गुलशने अजमेरीमा रक्तदान तथा सम्मान कार्यक्रम सम्पन्न भएको हो।



उक्त रक्तदान कार्यक्रममा ४ जना महिला र २६ जना पुरुष गरी कूल ३० जनाले रक्तदान गरेको मुस्लिम समुदायका अगुवा साजिद हुसैनले जानकारी दिए।

मदर्शाका अध्यक्ष नजामुद्दिन कादरी कलिमिले यस मदर्शले समय समयमा रक्तदान लगायतका सामाजिक कार्यहरु गर्दै आइरेहेको र बढ्दो रगत अभावलाई मध्यनजर गर्दै आज पनि रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए ।मदर्शाका प्रिन्सिपल शौकतअलि मिसवाहीले रगत अभावका कारण कुनै पनि व्यक्तिले ज्यान नगुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए।

विनाविभागीय राज्यमन्त्री शेख अबु कलाम आजादको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा रक्तदान गरेका रक्तदाताहरुलाई सम्मानसमेत गरिएको थियो।

# मधेशको नीति तथा कार्यक्रम: शिक्षा र कृषिमा जोड




**प्रमोद साह**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम जनताको आवश्यकतालाई मध्यनजर गरेर बनाइने भएको छ।

जेठ मसान्तसम्म प्रस्तुत गरिने नीति तथा कार्यक्रमका विषयमा शनिबार मधेशदृष्टिसँग कुराकानी गर्दै मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन प्रर्वद्धन र भौतिक पूर्वाधारमा ध्यान केन्द्रित गरी प्रदेशको गौरव र रियालिस्टिक नीति तथा कार्यक्रम प्रस्तुत गरिने बताए। उनले कार्यक्रमका लागि प्रदेशका अर्थविद्, योजना आयोगका पूर्व उपाध्यक्ष, पूर्व अर्थमन्त्री, सबै दलका नेता, उद्योग वाणिज्य संघका पदाधिकारीलगायतका सरोकारवाला र सम्बन्धित क्षेत्रका विज्ञसँग निरन्तर छलफल भइरहेको र सोहीअनुरुप नीति तथा कार्यक्रम निर्माण गरिने जानकारी दिए।

उनले भने, 'आर्थिक मन्दी, कोभिड समस्या र युक्रेन-रसिया समस्याले विश्वभर नै आपूर्ति श्रृंखलामा संकुचन भएपछि आर्थिक गतिविधिमा संकुचन भएको हो र त्यहीअनुसार लक्ष्य अनुसारको राजश्व उठाउन सकिएन, यस्तो परिस्थितिमा पनि प्रदेशको आम आवश्यकतालाई मध्यनजर गर्दै प्राथमिकतालाई ध्यान दिएर शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन प्रर्वद्धनको क्षेत्रमा लगानी र पहिलेका बाँकी रहेका प्रोजेक्टलाई सम्पन्नताका लागि नीति तथा कार्यक्रममा समावेश गरेका छौं ।'

कुनै बेला मधेश प्रदेशमा शिक्षाको हब रहेको तथ्यलाई मध्यनजर गर्दै शिक्षालाई उच्च प्राथमिकताका साथ अगाडि बढाइने बताउँदै उनले यसका लागि नमूना गर्ल्स कलेज स्थापना, नमूना विद्यालय, मधेश विश्वविद्यालय प्रारम्भ भएको अवस्थामा प्रभावकारी बनाउन समयसापेक्ष चाहिने सामग्रीको उपलब्धतादेखि शिक्षामा आवश्यक बजेटको व्यवस्थापन गरिने बताए।

प्रदेशको प्रमुख आधार कृषि भएकाले यसपटकको नीति तथा कार्यक्रममा कृषिमाथि विशेष ध्यान दिइएको बताए। उनले भने, 'सिचाइँको प्रबन्धता, मझौला तथा ठूलो सिचाइँ योजना, कृषिका लागि विद्युतीकरण, ग्रामीण कृषि कार्यक्रम, बिउबिजन उत्पादन, जैविक मलको प्रर्वद्धन, उद्योग स्थापनाका लागि पहलदेखि प्रदेशलाई सामर्थ्यवान बनाउने योजना पनि नीति तथा कार्यक्रममा राखिने छ।'

प्रदेशलाई आत्मनिर्भर बनाउन अर्थमन्त्रालयको मातहतमै युनिट खडा गरेर एकसय वटा प्रोजेक्ट निर्माण गरिने योजना रहेको बताउदै उनले पब्लिक प्राइभेट पार्टनरसिपलाई ठूलो कार्यक्रमका रुपमा अगाडि बढाएर यसलाई सार्थकता दिने योजना रहेको मन्त्री यादवले जानकारी दिए। भूमि र गुठी ऐन निर्माण हुने क्रममा रहेकाले ऐन निर्माण भएपछि भूमि बैकको स्थापना गरी प्रदेशभर रहेका गुठीका जग्गालाई कृषिलगायतको प्रयोजनमा ल्याएर प्रदेशलाई आत्मनिर्भर बनाउने योजनामा रहेको उनले बताए।

मुलुकमा आर्थिक संकुचन रहेको अवस्थामा पनि मधेश प्रदेशको अरु प्रदेशभन्दा राम्रो अवस्था रहेकाले विगतकै बजेटको हाराहारीमा बजेट प्रस्तुत गरिने उनले दाबी गरे।

मधेश प्रदेशले नीति तथा कार्यक्रमका लागि मिति तय नगरे पनि जेठ मसान्तभित्रै प्रस्तुत गरिने गरी नीति आयोगमा तयारी भइरहेको र अर्थ मन्त्रालयमा आउनेबित्तिकै प्रस्तुतिका लागि पहलकदमी हुने उनले जानकारी दिए। मन्त्री यादवले जनकपुरधामलाई पर्यटन प्रवर्द्धन गरी पर्यटकीय नगरीका रुपमा स्थापना गर्न पनि आवश्यक छलफल भएको र जनकपुरधामलाई प्रदेशको राजधानी लायक बनाउन प्रदेश सरकारले आवश्यक तयारी गरेको समेत बताए।

# साधारण सदस्यबाट राजीनामा



**मधेशदृष्टि**
**रौतहट।**
नेपाल पत्रकार महासंघ रौतहटका पूर्व सचिव राजेन्द्र कुमार क्षेत्रीले साधारण सदस्यबाट राजिनामा दिएका छन् ।पूर्व सचिव पत्रकार महासंघको शुद्धिकरण अभियानलाई सफल बनाउन आग्रह गर्दै साधारण सदस्यताबाट राजिनामा दिएको पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले बताए।

शाखाका संस्थापक सदस्यसमेत रहेका क्षेत्री स्थापनाकालदेखि नै जिल्लामै क्राईम एक्सप्रेस दैनिक पत्रिका प्रकाशन गर्दै आएका थिए। २०६४ सालमा उनी शाखाको सचिव भएका थिए।

जिल्ला सदरमुकाम गौरमा लामोसमय ज्योति पुस्तक पसलसमेत सञ्चालन गरेका क्षेत्री चारवर्ष अघि हेटौडा बसाई सरेका थिए। रौतहटमा २०५७ सालमा नेपाल पत्रकार महासंघको रौतहट शाखा गठन भएको थियो।



तपाईं सकारात्मक कार्ययोजनामा हिँड्न चाहनु हुन्छ भने दृष्टिकोण सधैं सकारात्मक हुनुपर्छ। - दलाइ लामा

## सम्पादकीय

# असुरक्षित युवा-किशोर पुस्ता

पछिल्लो समय लागुऔषधको कारोबारमा युवा र अझ किशोर पुस्ता फसिरहेको पाइएको छ । जिल्ला प्रहरी कार्यालयको बुलेटिन र मधेश प्रदेश प्रहरी कार्यालयको बुलेटिन मात्र होइन केन्द्रीय प्रहरी कार्यालयको बुलेटिनमा पनि नेपालमा लागुऔषधको कारोबार ह्वात्तै बढेको छ । यो तथ्यांकले भन्छ, बेरोजगार युवा कसै न कसैको प्रलोभनमा परेर लागुऔषधको दुर्व्यसनमा फसेका छन् । उनीहरु यसमा फसेपछि कारोबारमा जोडिन्छन् । दुर्व्यसन र कुलतको सिकार भएपछि कुनै न कुनै माध्यमबाट आपराधिक क्रियाकलापमा जोडिन्छन् । कोही भरिया बनेर प्रयोग हुन्छन् । कोही कारोबारी बनेर प्रकट हुन्छन् । कोही रकमीकलमी कुराले अपराधमा जोडिन्छन् । अर्थात् लागुऔषधको एउटा ठूलो कारोबार सञ्जालले नयाँ पुस्ताका युवायुवतीलाई समस्यामा पारिरहेको छ । उम्कन गाह्रो बनाइरहेको छ।

खासगरी १५ वर्ष उमेरदेखि नै किशोरकिशोरीहरु कुलतमा फसेको पाइएको छ । साथीभाइको लहलहैमा लागेर कुलतको सिकार भएका उनीहरु लागुऔषधको दुर्व्यसनी बनेपछि कारोबारीको सर्कलमा पुग्छन् । त्यहाँ कारोबारीले आफू अदृश्य भएर यस्ता सोझासाझा किशोरकिशोरीलाई कतै कारोबारीका रुपमा प्रकट गराउँछन् । कतै ग्राहक बनाएर पठाउँछन् र लागुऔषध भित्र्याउँछन् । कतै भने सञ्जालको गिरोह नाइकेका रुपमा उभ्याएर पनि आफ्नो अपराध धन्दा चलाइरहेका हुन्छन् । थोरै पैसा, लागुऔषधको नसाका लागि किशोरकिशोरीहरु यो गिरोह र सञ्जालबाट बाहिर जाँदा ज्यानै जोखिममा पर्ने हुन्छ । अर्कातिर लागुऔषधको नसाले पनि उनीहरु आकुलव्याकुल भइरहेका हुन्छन् । त्यसैले नजानिँदो ढंगले अपराध दुनियाँमा फसेका हुन्छन् । फसिरहेका छन् । फसाइएका छन् । २१ वर्षीय युवक १० किलो चरेशको भरिया बनेर पक्राउ परेपछि यस्ता कयौं अरु पात्रहरु पनि युवापुस्ताकै भएको पाइएको छ। उनीहरु पक्कै भरिया मात्रै हुन् । कारोबारी पक्कै भरिया पक्राउ परेपछि सुरक्षित भइसकेका छन् ।

लागुऔषध कसरी आइरहेको छ ? स्पष्टै छ । कसरी कारोबार भइरहेको छ, त्यो पनि लुकेको छैन । तर कहिल्यै पनि यसका मूल मालिक या असली कारोबारीसम्म प्रहरी प्रशासन पुगेको पाइन्न । केवल भरिया समात्ने, प्रयोगकर्ता पक्राउ गर्ने कार्यमै लागुऔषध नियन्त्रणको प्रयास सीमित छ । यो पुरानै शैली हो, व्यवहार हो । अदृश्य स्थानमा बसेर युवा पुस्तालाई लागुऔषधको जञ्जालमा फसाउनेहरु कारबाहीको दायरामा नल्याएसम्म लागुऔषधको सञ्जाल ध्वस्त पार्न सकिन्न । उनीहरु सधैं सोझासाझा र निदोष अनुहार खोजेर लागुऔषधको दुर्व्यसनमा फसाइरहेका हुनेछन् । कारोबारी बनाइरहने छन् र उनीहरुको जिन्दगी बर्बाद पारिरहने छन् । यो अपराधको सञ्जाल भत्काउन किन प्रहरीले चासो दिएन ? केवल एकाध युवापुस्ता समातेका भरमा लागुऔषधको जालो कसरी अन्त्य हुन्छ र ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# अपराध नियन्त्रण र दुर्घटना न्यूनिकरणका विकल्प



● उदयकुमार यादव

वास्तवमा अपराध र दुर्घटनाबीच एक प्रकारले परिपूरक सम्बन्ध रहेको छ । भ्रष्टाचारबाट नै अपराध हुन जान्छ र अपराधले विभिन्न दुर्घटना निम्त्याउँछ । यसरी कोही व्यक्तिले आफ्नो मर्यादाविपरीत कुनै पनि कार्य गर्नु नै भ्रष्टाचार हो । त्यसैगरी कसैले आफ्नो पदीय जिम्मेवारी गलत तरिकाले पूरा गर्दछ वा पूरा गर्दैन भने त्यो पनि भ्रष्टाचार हो, भष्टाचार भनेकै अपराध हो । मानौं धोकाले भुलचुक हुनु वा जानिजानी गल्ती गर्नुबीच धेरै फरक हुँदोरहेछ । उदाहरणका लागि बालापनमा भएका गल्ती सबै अपराधमा गिन्ती हुँदैनन् । त्यसैले भगवान पनि माफ गर्दारहेछन् । तर नाबालिगपछिका उमेर जब युवा अवस्था वा वयस्क अवस्थामा जाँदा हामीलाई ज्ञान भने भइसकेको हुन्छ कि अपराध र अन्जामबीच के कति फरक हुँदोरहेछ, यद्यपि हामी जानिजानी गल्ती गर्‍यौं भने त्यो अपराधको परिणाम हामीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भोग्नु पर्दछ ।

कसैले आफ्नो पदीय जिम्मेवारी गलत तरिकाले पूरा गर्दछ वा पूरा गर्दैन भने त्यो पनि भ्रष्टाचार हो, भष्टाचार भनेकै अपराध हो। मानौं धोकाले भुलचुक हुनु वा जानिजानी गल्ती गर्नुबीच धेरै फरक हुँदोरहेछ। उदाहरणका लागि बालापनमा भएका गल्ती सबै अपराधमा गिन्ती हुँदैनन्। त्यसैले भगवान पनि माफ गर्दारहेछन्। तर नाबालिगपछिका उमेर जब युवा अवस्था वा वयस्क अवस्थामा जाँदा हामीलाई ज्ञान भने भइसकेको हुन्छ कि अपराध र अन्जामबीच के कति फरक हुँदोरहेछ, यद्यपि हामी जानिजानी गल्ती गर्‍यौं भने त्यो अपराधको परिणाम हामीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्नु पर्दछ।



यही अपराध र भ्रष्टाचारले संसारमा अशान्ति मच्चिएको छ । सबै बेचैन छन्, सानादेखि ठूलासम्म पनिको हाल बेहाल रहेको छ । मानवता नै धरापमा परेको छ । कहाँ गयो भाइचारा ? प्रेमभाव अनि मित्रता ? बढी भन्दा बढी मान्छे झुठो बोलेर बेचैनको जिन्दगी जिउँदछ तर झुठो वाणी त्यागेको छैन । चोरी, डाँका, लुटपाटले कमाएको सम्पत्तिले हामीलाई सुख कदापि होइन केवल दुःख निम्त्याउँछ । अर्थात् अकुत सम्पत्तिले जहिले पनि दुःख दिँदोरहेछ भन्ने थाहा पाउँदापाउँदै पनि हामी त्यसकै पछि लागेका हुन्छौं । हो, यही कारणले नै अपराध बढेको हुन्छ र यस्तै आपराधिक गतिविधि र क्रियाकलापले विभिन्न सामाजिक घटना र दुर्घटनाले हाम्रो जीवन तवाह भएको छ ।

उदाहरणका लागि अल्कोहल तथा सूर्तीजन्य खाद्यपदार्थ हाम्रो स्वास्थ्यमा नकारात्मक असर पार्दछ भने कुरा जानिजानी पनि यसको कुलतमा हामी र हाम्रा वर्तमान पिँढी फसेका छन् भने यसका दुष्परिणाम पनि हामीले नै बेहोर्नु परेको छ नि ? एउटा सामान्य अफिसदेखि मन्त्रालयसम्म कार्यालय सहयोगीदेखि ठूल्ठूला सचिवस्तरका बडाहाकिमलाई आफ्नो कमाइले नपुगी भ्रष्टाचारमा लिप्त भएका देखिन्छन् । नुनरोटी खाऊ, हरिको गुण गाऊ, किन भनिएको होला त ? हामी असन्तोषी भयौं, एकैछिन मनन् गरौं न । किनकी सबैलाई भष्टाचारकै लत लागेको छ नि । सन्तोषम् परम् सुखम् किन भनिएको होला ? मह काढ्नेले मात्र पो हात चाट्नु पर्दछ नि ? 'फस्ट डिजर्व देन डिजायर' किन भनिएको होला त ? नेतादेखि प्रणेतासम्म कोही पनि अछुत छैनन् । त्यसैले सबै बेचैन भए ।

अपराध नियन्त्रणका केही सम्भावित उपायः

सर्वप्रथम् देशमा तिनै तहका सरकारमा सुशासन कायम हुनु पर्दछः वास्तवमा विद्यमान परिस्थितिले जतातत्तै भ्रष्टाचारबाट व्यापकरुपमा भद्रगोल छाएको देखिन्छ । यस्तो अवस्थामा सरकारी निकायले नै पहिला आफू स्वच्छता, चुस्तता र दुरुस्तताको अनुभूतिचाहिँ गराउनु पर्‍यो । पुँजीवादी अर्थतन्त्र र समाजवादी अर्थतन्त्रबीच कसरी सामञ्जस्यता कायम गर्न सकिन्छ ? त्यसको उपाय लगाउनु पर्‍यो । अर्कातर्फ जनता पनि सचेत भई सुशासन कसरी कायम गर्न सकिन्छ ? के गरे सबैको भलो हुन्छ ? विकल्पमा सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया :सर्वे भद्रानी पश्चयन्तु मा कश्चिद दुःख भागभवे:लाई व्यवहारमा उतार्नु पर्‍यो ।

कालो धन कमाउनेलाई निरुत्साहित पारिनुपर्दछः विद्यमान अवस्थामा सबभन्दा जल्दोबल्दो उदाहरण भुटानी शरणार्थी प्रकरणलाई नै लिन सकिन्छ, जहाँ कल्पना नै गर्न नसकिने महानुभाव दलदलमा फसेको देखियो । कालो धनलाई सेतोधन झैँ गरी अथवा सेतो धनलाई कालो पार्ने गरी कमाएका सम्पत्ति जहिले पनि दुःख नै दिँदोरहेछ भन्ने प्रमाणित भएछ नि ? आजको परिस्थितिले मान्छेमा तनाव, इर्ष्या, डाह, जलन नै पैदा भयो । कारण हैसियत भन्दा बढी मान्छेले आडम्बर तथा देखावा प्रकट गरे । मानवताभित्र भएका सद्भाव, सहयोगका भावना हराए । गलत प्रतिस्पर्धा देखियो । औकातविनाको हैसियतहीन प्रतिस्पर्धाले गरिबीमा धकेल्छ, बुझ्नु पर्‍यो ।

पुर्ख्यौली सम्पत्तिले कसैले सौखसुविधाले ऐयासी देखाएका हुन सक्छन् तर त्यसको प्रतिकारमा दुईकौडीका औकातवालाले पनि तँ भन्दा म के कम भन्दै कर्जामा डुबेर नै सही, डाँका मारेर पनि ओभरटेक गर्न खोज्यो भने त्यहाँ आपसी वैरभाव किन खल्बलिदैन ? कर्जा पनि फेरि त्यहीँबाट उठाउँछ, जसबाट प्रतिस्पर्धा गर्न खोज्छ । यसरी धनी धनी हुँदै जाने गरिब अरु गरिब हुँदैजाने, कसरी समानता कायम होला मानवता ? ठूलाबडाको कुनै कदर रहेन । डाँका त्यसैलाई गर्न खोज्छन् जसबाट डाहा गर्दछन् ।

दण्ड र पुरस्कार नीति अक्षरसः लागु हुनु पर्दछः वास्तवमा यदि भन्ने हो भने, कानुन भनेको सबैको नजरमा बराबर हुनु पर्छ, अन्यथा अपराध घट्नुका साटो दिन प्रतिदिन बढ्दैजाने गरी ज्वालामुखी पड्किँदै जानेछ तर नियन्त्रण गर्न पनि पछि उत्तिकै नै गाह्रो पर्दछ । यसर्थ कर्मप्रधान 'विशव रचि राखा जो जस करय सो तस फल चाखा भने रामायणका लोकप्रिय उखान वा उक्तिलाई सार्थक तुल्याउन सम्बन्धित सबै सरोकारवालाको नैतिक कर्तव्य नै हो चाहे आफैं किन नहोस्, कानुनले दिएको सजाय सहर्स स्वीकार्नु पर्दछ, अनि मात्र कानुनको चाँहि कदर हुन्छ । यस सन्दर्भमा एउटा क्रान्तिकारीको आत्मानुलोचनात्मक लेखले असाध्य भावुक बनायो ।

एउटा नेपाली सपूत जो विद्रोही भए पनि आफ्ना समुदायका लागि उठाएका क्रान्तिकारी कदमलाई अदालतले जे सजाय दियो भने नकारीकन यहाँसम्म मृत्युदण्डको सजाय पनि सहर्स स्वीकारेका छन् । यिनका यस्ता मानवतावादी सोच र कानुनी कदर अनि आत्मअनुलोचनाले धेरै नै अपराधीका सोचमा परिर्वतन आउंला र अर्कातिर फेरि क्रान्तिकारीले प्रेरणा पाउंलान् भने ठहर रहेको छ, सैलुट मेरो तर्फबाट यस्ता नेपाली क्रान्तिकारी सपूतलाई, जसले कौरवविरुद्ध नचाहिकन पनि कृष्णकै इशारामा पाण्डवका लागि अर्जुन बन्न खोजेका छन् ।

दुर्घटना न्यूनिकरणका केही सम्भावित उपायः विवेकपूर्ण ड्राइभिङ लाइसेन्स वितरणः खासगरी सडक तथा मोटर गाडीसँग सम्बधित दुर्घटनाका प्रमुख कारण अनाडी र अपरिपक्व व्यक्तिले गलत तरिकाबाट लाइसेन्स प्राप्त गर्नु रहेको छ । कारण काठमाडौंका ट्रमा सेन्टरमा बढी दुर्घटना इमर्जेन्सी भर्ना हुने लगभग सत्तरी प्रतिशत भन्दा माथि टिनेजर केटाकेटी नै हुने गर्छन् । हुन त पहिले भन्दा अहिले केही सुधार भएको छ, विना रीत पुर्‍याई सबै जाँचपास हुनेलाई लाइसेन्स दिइन्छ, तथापि तिनीहरु खासगरी टिनेजरले सजग नभइ हाउडे तालमै गाडी गुडाएका परिणामस्वरुप कि त आफैं लड्छन् कि त अरुलाई ठोकेर दुर्घटनाग्रष्त पार्छन् । यसर्थ विना रीत पुर्‍याइ लाइसेन्स वितरण गरिनु हुँदैन । नत्र लिने र दिने दुवैले भ्रष्टाचारको परिणाम बेहोर्नु पर्दछ ।

पूर्णतया ट्राफिक नियम पालनाः आम पब्लिकले पनि फुटपाथ छाडी इलिगल बाटो हिँड्न भएन । गाइगोरु छाडा पशु तथा बच्चा र वद्धलाई हेरेर गाडी नियन्त्रणमै सकभर चलाउनु वेश हुन्छ । अन्यथा यसका जिम्मेवार सम्बधित पक्षले नै लिनु पर्दछ । ट्राफिक प्रहरीका काम केवल डकुमेन्ट ब्लुबुक र लाइसेन्स जाँच गर्नु होइन क्यारे ? बाटोघाटो के कसरी काट्ने, त्यसका समुचित व्यवस्थापन गरी आफ्नै ड्युटीमै दिशानिर्देश गरिराख्नु पर्दछ ।

सावधानी, सतर्कता तथा संवेदनशीलता सिद्धान्तका सतप्रतिशत पालनाः अर्थात् अपराध नियन्त्रण तथा दुर्घटना न्यूनिकरणका लागि अन्य वैकल्पिक उपायमध्ये सर्वोत्तम उपाय मानवतावादी सोच र आध्यात्मिक चिन्तन नै होला भने कुरा यस लेखबाट प्रमाणित गर्न सकिन्छ, बाँकी पाठकवृन्दले नै समालोचना या प्रसंशा गर्न सक्नुहुन्छ । किनकी लेखकका भिजन के कति सार्थक तथा सान्दर्भिक रहेछ भने यहाँहरुले नै मूल्यांकन गरिदिए भने लेखकका मिहिनेत सार्थक हुने थियो होला । अर्थात् समग्रमा भन्दा, जीवन अनमोल भएकाले हाम्रो सम्बन्ध मानवतावादी सोचले नै प्रगाढ होला, एक अर्कामा सद्भाव कायम होला । कसैले अनायासै दुःख भोग्न नपरोस् भन्ने सावधानी, सतर्कता तथा संवेदनशीलताका सिद्धान्त हामीले व्यवहारमा उतारे सबैलाई भलो हुनेथियो । नत्र नेपालमा कहिले भोकमरी आउला ठेगान छैन, किनकी पहिला रेमिट्यान्स अर्थात् विप्रेषणको दुरुपयोग हुँदैन थियो तर अचेल त्यसको पनि दुरुपयोग हुन थाल्यो । तसर्थ सावधान, अन्यथा अबको जीवन कठीन दिनप्रतिदिन डाह, इर्ष्या, जलन प्रवृतिले सद्भावको अभावमा मानवता नै धरापमा परेको र हाम्रो जीवन दुर्घटनाग्रस्त भई नरक समान दुःखदमा परिणत भएकाले गलत प्रतिस्पर्धा नगरौं । कालोधन होइन पवित्र धन कमाउँ, जलन होइन बरु स्वस्थ सकारात्मक प्रतिस्पर्धा गरौं ।

# दुई हजार बढी गाईभैँसीमा लम्पिस्किन



**रासस**
**चितवन।**
चितवन जिल्लामा पालिएका दुई हजार छ सय ७४ गाईभैँसीमा लम्पिस्किनको समस्या देखिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र भरतपुरका अनुसार जिल्लाका सात पालिकामा गाईभैँसीमा लम्पिस्किनको समस्या देखिएको हो।



कार्यालयका पशु विकास अधिकृत डा. रामचन्द्र आचार्यका अनुसार जिल्लामा सबैभन्दा बढी प्रभावित राप्ती नगरपालिका र इच्छाकामना गाउँपालिकाका किसान छन्। राप्ती नगरपालिकामा एक हजार तीन सय ७५ र इच्छाकामना गाउँपालिकामा सात सय ८५ गाईभैँसी यस रोगबाट प्रभावित भएको जानकारी दिए।
यस्तै, माडी नगरपालिकामा एक सय ८३, खैरहनी नगरपालिकामा एक सय १०, कालिका नगरपालिकामा एक सय, रत्ननगर नगरपालिकामा ४५ र भरतपुर महानगरपालिकामा ७६ गाईभैँसी प्रभावित भएका छन्।
यो रोग 'क्याप्री पोक्स' नामक जीवाणुका कारण हुने डा. आचार्यले बताए। गर्मीयाममा लामखुट्टे, झिँगा लगायतका कारण यो रोगको प्रकोप देखिने गरेको उनको भनाई छ।
डा. आचार्यका अनुसार विगत केही दिनदेखि गाईभैँसीमा लम्पिस्किनको संक्रमण फैलिएको छ। 'गाईभैँसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, थुतुनो, ओँठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, ऱ्याल काढ्ने, लिम्फनोडहरू सुक्नेजस्ता लक्षण देखापर्छ', उनले भने।
यो रोग विशेषगरी संक्रमित लामखुट्टे, झिँगा लगायतको टोकाइबाट लाग्ने गर्दछ। संक्रमित गाईवस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवम् पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको भेटेरिनरी अस्पतालले जनाएको छ।
लम्पिस्किन रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय श्रोतबाट गाईभैँसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य किरोबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने आचार्यले बताए। रोग लाग्नबाट बचाउनका लागि लम्पिस्किन विरुद्धको खोप लगाउनु पर्ने उनको भनाई छ।

# हावाहुरीबाट निरास फलफूल र तरकारी किसान



**रासस**
**महोत्तरी।**
लगातारको हावाहुरीले महोत्तरीका फलफूल र तरकारी किसान निरास भएका छन्। जेठ लागिकन प्रत्येक दुई/तीन दिनको अन्तरालमा चलेको हावाहुरीले बग्रेल्ती आँपका दाना झार्नसँगै लहरे तरकारीका बेला (लहरा) हुत्याएर चुँडाएपछि उत्पादन हात नलाग्ने चिन्तामा किसान निरास भएका हुन्। पछिल्लो पटक शुक्रबार गएरातिको हावाहुरीले बग्रेल्ती आँप झारेका छन्।
त्यसैगरी फर्सी, लौका, घिरौँला, झिगिँनी,



काँक्रा र चिचिन्डासहितका तरकारी बालीका बेला (लहरा) हुत्याउँदै चुँडाएर नोक्सान गरेपछि किसानको पिरोलो बढेको हो। 'हेर्नोस् न, जेठ लागिकन दिनहुँजसो हावाहुरीले झारेका आँप टिप्दै दिन जान्छ, मुखमै आएको बाली सखाप भएको छ', सखारै बग्रेल्ती झरेका आँप टिप्दै भङ्गाहा-४ रामनगरका ६० वर्षीय किसान शुभलाल ठाकुरले भने 'जेठ मध्यतिर यत्रो हाहाहुरी त्यति भोगिएको थिएन, खै के हुन लागेको हो!' अब १५/१६ दिन दुःख काट्दा एउटा बाली हात लाग्छ भन्ने आश पनि मरेको ठाकुर बताउँछन्। तराईमा चाँडै पाक्ने जातको बम्बै आँप जेठ अन्तिममा तयार हुन्छ। तर दुई साताअघिको हावाहुरीले आँप झारेपछि दुःख लागेको ठाकुरको भनाई छ।
महोत्तरीमा जेठमा प्रत्येक दुई/तीन दिनमा हावाहुरी चल्दै आएको छ। बिहीबार साँझ र शुक्रबार रातिको हावाहुरीले झारेका आँप किसान कौडीका दाममा बेच्दैछन्। हुरीले झारेर फुटाएको आँप त मिल्काउनुबाहेक कुनै विकल्प नभएको ठाकुरकै छिमेकी किसान जब्बार शेष बताउँछन्। विगतमा चैत/वैशाखमा हावाहुरीको समय हुने र जेठ लागेपछि त्यति नलाग्ने भोग्दै आएका किसानलाई यसपाली जेठमा लगातार चलेको हावाहुरीले अत्याएको छ। 'जेठको दुई साता नबित्दै पाँच/छ पटक हावाहुरीले हामीलाई चिल्लीबिल्ली बनाएको छ', बर्दिबास-९ पशुपतिनगर टोकी टोलका किसान रामचन्द्र थापामगर भन्छन् 'आँप झरे, तरकारीका लहरा चुँडिएर लत्रिएका छन्, भर्खर घोगा लाग्दै



गरेका मकैका बोट लडाएर सोतर बनाएको छ।' प्रकृति अनुकूल नहुँदा विपदै विपद् खेप्नुपरेको थापाको भनाई छ।
हावाहुरीसँगै मेघगर्जन सुनिएपनि पानी भने त्यति नपरेको किसान बताउँछन्। 'हावाहुरीपछि पानी त परेको छ, तर धानको ब्याड राख्नेगरी माटो गालेर परेको छैन,' गौशाला-१० लक्ष्मीनियाँका किसान महेश्वर महतो भन्छन्। जिल्लाको उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका फलफूल र तरकारी उत्पादनका पकेटक्षेत्र मानिन्छन्। उत्तरीक्षेत्रका बर्दिबासका खयरमारा, टुटेश्वर, ढुङ्ग्रे, चेरु, माइस्थान, सोनापेटी, भब्सी, पाटु, विजलपुरा र पशुपतिनगर सहितका बस्तीको त मुख्यबाली नै फलफूल (बगैँचा) खेती हो। बगैँचा खेतीमा पनि मुख्य आँप रहँदै आएको छ।
जिल्लाका मध्य र दक्षिणवर्ती क्षेत्रका पिपरा, मटिहानी, जलेश्वर, रामगोपालपुर र मनराशिशवाको स्थानीय तहको बस्तीमा पनि बगैँचा खेती बाक्लै छ। जेठ अन्तिमदेखि लगालग एकपछि अर्को जातका आँप पाक्नेक्रम सुरु हुन्छ। यसरी मुखमै आएको बाली हावाहुरीले सखाप पारेपछि अब वर्षभरिको गुजारा केले चलाउने भन्दै किसान टोलाएका छन्। दुःखका बेला साथ पाइने आशले आफैँले चुनेका प्रतिनिधिले फर्केर नहेरेपछि चित्त कुड्याउँदै भङ्गाहा-४ का किसान चन्देश्वर राय दनुवार भन्छन् 'सबै सुखका साथी रहेछन्।' पुराना तरकारी उत्पादक किसान दनुवारले हावाहुरीले लहरे तरकारी नोक्सान पारेपछि अब के गर्ने भन्ने नै रनभुल्लमा परेको बताउँछन्।
चैत/वैशाख हावाहुरीको समय भन्ने बुझ्दै आएका किसान जेठ लागेपछि फलफूल र तरकारी अब हात लाग्ने विश्वासमा थिए। तर पुरानो ऋतु रीतिथिति फेरिएर जेठमा हावाहुरी चल्न थालेपछि किसानमा निरासा बढेको हो। यसपाली जेठ लागिकन सयौँ बिघाको फलफूल र तरकारी बाली हावाहुरीले नोक्सान गरेको छ।
अहिले जेठमा निरन्तर केही दिनको फरकमा चल्दै (बहदै) आएको हावाहुरी यहीँ मात्र नभई विश्वव्यापी जलवायु परिवर्तनको प्रभावले भएको विज्ञको मत छ। मानवको घच्चपच्चले प्रकृतिका पुराना रीति फेरिँदा कुसमयको हावाहुरी, बर्खा, गर्मी, शीतलहरजस्ता प्रकोप झेल्नुपरेको रुपान्तरण सामाजिक संस्थाका जलवायुविज्ञ विराट पन्त बताउँछन्। 'यो प्रभाव न्यूनीकरण गर्न प्राकृतिक स्वरुपको रक्षा र प्रभाव अनूकूल आनीबानी र खेतीपाती गरिन पर्छ', पन्त भन्छन्। राज्यका सबै अङ्गले यो अनुकूलन विधि अँगाल्न आमजनतालाई अभिप्रेरित गर्नुपर्ने पन्तको सुझाव छ।

# जलकुम्भीले सुक्दै ताल

**रासस**
**भरतपुर।**
चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका ताल तलैयामा यतिबेला जलकुम्भी फुलेर ढकमक्क छ। यही फुलेका जलकुम्भीका कारण यतिबेला यहाँ फोटो खिच्न र टिकटक बनाउन आउने आन्तरिक पर्यटकको भीड देखिन्छ। पहिले फाट्टफुट्ट आउने आन्तरिक पर्यटक अहिले दिनमै सयौँको संख्यामा आउन थालेका छन्। जलकुम्भीले आन्तरिक पर्यटकको चहलपहल त बढाएको छ तर संरक्षणकर्मीलाई जलकुम्भीका कारण ताल सुक्दै जान थालेकोमा चिन्ता बढेको छ।
भरतपुर महानगरपालिका-५ केशरबागको नवज्योती मध्यवर्ती सामुदायिक वनका अध्यक्ष भिमलाल चापागाइँले वनभित्र रहेको 'किङ फिसर' तालमा फोटो खिच्न र टिकटक बनाउन दैनिक सयौँको संख्यामा आन्तरिक पर्यटक आउने गरेको बताए। 'दैनिक करिब आठ सयसम्म पर्यटक यहाँ आउने गरेका छन्। यो भीड दुई सातादेखि बढेको हो', उनले भने। पहिले फाट्टफुट्ट आउने भएपनि टिकटकमा भिडियो भाइरल भएपछि यहाँ घुम्न आउनेको संख्या दिनदिनै बढेको अध्यक्ष चापागाइँको भनाई छ। उनका अनुसार दैनिक विहान १० बजेदेखि पाँच बजेसम्म ताल क्षेत्रमा प्रवेश खुल्ला गरिएको छ।
'यहाँ आउने पर्यटक जलकुम्भीको फुल टिप्छन्। फोटो भिडियो खिच्छन् र नाच्छन् रमाउँछन्। फर्कने बेलामा 'गमलामा साछौँ' भनेर केहीले फूलसहितका जलकुम्भी पनि लैजान्छन्,' उनले भने। अध्यक्ष चापागाइँका अनुसार वन प्रवेश गरेको एक जनासँग २५ रुपैया लिने गरिएको छ। पर्यटक धेरै आउँदा आम्दानी भएको भन्दै उनले तालमा जलकुम्भी फैलदा र फुल्दा ताल सुक्ने चिन्ता पनि बढेको बताए। उनले पानी बग्ने क्षेत्रमा भन्दा जमेका पोखरीमा जलकुम्भी धेरै फैलिएको र ताल पूरै ढाकेको बताए।



दक्षिणकाली मध्यवर्ती वन उपभोक्ता समूहका अध्यक्ष बाबुराम न्यौपानेले यसवर्ष बर्षातको कमी भएका कारण जलकुम्भी झार बढेको बताए। 'पानीको सतह कम भएकाले मानिस तालमा जाने सक्ने अवस्था छ। जलकुम्भीका फुल पहिले पनि फुल्थ्यो। अहिले फुल टिप्ने र टिकटक बनाउने प्रचलन निकै बढेको छ,' उनले भने। जलकुम्भीले ताललाई विनास गरेको उनको भनाई छ। 'अहिले जलकुम्भीका कारण ताल पुरिएकाले ताल गहिराउनुपर्ने अवस्था छ', न्यौपानेले भने 'हाम्रो पनि दक्षिणकाली ताल र ओरालेघोल तालमा जलकुम्भी छ तर पर्यटकलाई टिकट काटेर प्रवेश गराएका छैनौँ।'
बाटुलीपोखरी मध्यवर्ती सामुदायिक वनका अध्यक्ष ज्ञानु सुनारले जलकुम्भीलाई कमलको फुल भन्दै टाढाटाढाबाट आन्तरिक पर्यटक आउने गरेको बताए। 'प्रत्येक दिन यहाँ आएर सयौँले जलकुम्भीबारे सोध्छन्, हामीले तालमा फुल्ने झार हो भनेर जानकारी दिने गरेका छौँ,' उनले भने। जलकुम्भी झारले तालमा समस्या आएको भन्दै यसको व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको उनले बताए।
चितवन राष्ट्रिय निकुञ्ज र संरक्षणको क्षेत्रमा काम गर्नेले जलकुम्भीको समस्या विकराल हुनसक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्। निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत रामपृत यादवले जलकुम्भीको समस्या बेलैमा समाधान गर्न नसके यसले विकराल अवस्था सृजना गर्ने बताए। उनले भने 'यसले तालतलैया सुकाउँदै छ, जहाँत्यही यसको समस्या छ, यसलाई आउनै दिन हुन्न, यसलाई मान्छे लगाएर निकाल्नुपर्छ, नत्र भयावह हुन्छ।'
बीसहजारी ताल जलकुम्भीका कारण संकटमा पुगेको बताउँदै यादवले बीसहजारी तालको जलकुम्भी हटाउन ठूलो मेहनत र खर्च भएको जानकारी दिए। 'मान्छे प्रकृतिमा रमाउन चाहान्छ, अहिले क्षणिक रमाइलो हेरेर हुँदैन, यहाँका तालमा पहिले जलकुम्भी थिएन, यो विदेशबाट आएको हो, यसले यहाँको रैथाने झारलाई समेत मार्ने गरेको छ', उनले भने। जलकुम्भीको फुल फुल्ने, बाक्लो हुँदै जाने र ताल माथिमाथि आएर कुहिने हुनाले विस्तारै ताल सुक्दै जाने यादवको भनाई छ।
उनका अनुसार यहाँ हुने रैथाने झार चराका लागि राम्रो मानिन्छ। ताल सुक्दै जाँदा चरा पनि आउन छाड्ने भन्दै यादवले यो प्रकृतिको महारोग भएकाले बेलैमा सोच्न जरुरी रहेको बताए।
निकुञ्जका निमित्त प्रमुख संरक्षण अधिकृत राजु घिमिरेले रैथाने बनस्पतीलाई संरक्षण गर्नुपर्ने बताए। उनले जैविक विविधता संरक्षण गरेर सबैको विविधता कायम गर्न सक्नुपर्ने भन्दै ध्यान यसतर्फ सबैको जानुपर्ने उनको भनाई छ। 'डढेलो लाग्ने ठाँउमा जलकुम्भी बढी फैलन्छ र ताल तलैया ढाक्छ। आगलागी नियन्त्रणलाई पनि ध्यान दिनुपर्छ, यसले दीर्घकालीन रूपमा असर गर्छ, बेलेमा सबैको पहलमा समाधनतर्फ लाग्नुपर्छ,' अधिकृत घिमिरेले भने।
निकुञ्जको मध्यवर्ती व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले जलकुम्भीको फूल देखाएर पर्यटक बढाउन खोज्ने चिन्तनले ताल नै नरहने जोखिम बढ्दै गएको बताए। उनले यहाँका ताल यस क्षेत्रको सिँचाइको श्रोत समेत भएको जानकारी दिए। 'यहाँका ताल अनुसन्धान केन्द्र ( रिचार्ज सेन्टर) हुन्। यिनको संरक्षण विना सिमसार जोगाउने कुरा सम्भव हुँदैन। जलकुम्भीले तत्कालका लागि पर्यटक भित्रिएपनि दीर्घकालीन रूपमा यसले वातावरण र तालतलैयामा असर गर्छ,' समितिका अध्यक्ष ढुङ्गानाले भने। उनले सामुदायिक वन क्षेत्रको संरक्षण र उपभोग दुवै स्थानीयले गर्ने भएकाले पर्यटक भित्राउन अन्य दीर्घकालीन योजना बनाउनुपर्नेमा जोड दिए।
राष्ट्रिय प्रकृत्ति संरक्षण कोष सौराहाका प्रमुख रचना शाहले जलकुम्भी जोगाउनु भन्दा उखेल्न उपयुक्त हुने बताए। उनले यसको दीर्घकालीन समस्या समाधनका लागि संरक्षण कोषले सहयोग गर्ने प्रतिबद्धता जनाए। राप्ती नदी तटीय क्षेत्र सरसफाई अभियानका अध्यक्ष अपिल घिमिरेले जलकुम्भी देखाएर पर्यटक भित्राउने भन्दा तालको संरक्षणमा जोड दिनुपर्ने बताए। तालहरू यहाँको कृषि प्रणालीसँग जोडिएकाले तालको संरक्षण गर्दा कृषि उत्पादनमा टेवा पुग्ने उनको भनाई छ। घिमिरेले सबै संरक्षणकर्मी एक भएर सिमसार क्षेत्रको संरक्षणमा जुट्न आह्वान समेत गरे।
पत्रकार रमेशकुमार पौडेलले समस्या ल्याउने बनस्पतिलाई समस्याका रूपमा हेर्नुपर्ने भन्दै पर्यटकीय आकर्षणका लागि अन्य विकल्प खोजी जलकुम्भीको दीर्घकालीन समाधान खोज्नुपर्ने बताए।



# नागरिकता विधेयकप्रति सरकारको कदमको तमलोपाद्वारा स्वागत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई-मधेश लोकतान्त्रिक पार्टीले नागरिकता विधेयकप्रति सरकारले चालेको कदमको स्वागत गरेको छ। राष्ट्रपति कार्यालयको दराजमा बन्द नागरिकता विधेयकलाई प्रमाणिकरण गर्न सरकारले राष्ट्रपतिलाई आग्रह गरेकोमा सो को स्वागत गर्दै अब राष्ट्रपतिले यसलाई तत्काल प्रमणिकरण गर्नुपर्ने पार्टीले बताएको छ। प्रधानमन्त्री र मन्त्रीपरिषद नै राष्ट्रपतिको सल्लाहकार हो, तमलोपाको भनाई छ।
तमलोपाको केन्द्रीय सदस्य उमेशकुमार मण्डलले तमलोपा शुरुदेखि नै यसको निमित्त प्रदर्शन, ज्ञापन-पत्र र संचार माध्यमहरुबाट आवाज उठाउँदै आइरहेको बताए।
तमलोपा, सद्भावना पार्टी, राष्ट्रीय सद्भावना पार्टी, इतिहासिक जनता पार्टी सम्मिलित लोकतान्त्रिक मधेशी मोर्चाले जनकपुरधाममा प्रदर्शन सहित जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ज्ञापन-पत्र बुझाएको थियो।

# राष्ट्रियस्तरको महेन्द्रनारायण निधि टी-२० प्रतियोगिता हुँदै




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नकपुरधाममा सोमबारदेखि दोस्रो महेन्द्र नारायण निधि स्मृति टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको आयोजना हुन लागेको छ।
शनिबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै मधेस प्रदेश क्रिकेट संघका अध्यक्ष हीरा भगतले सो जानकारी दिएका हुन् ।उनले क्रिकेट संघ मधेस प्रदेशको आयोजनामा हुन लागेको यस दोस्रो महेन्द्र नारायण निधि स्मृति टी-२० प्रतियोगितामा सातै प्रदेशको टिम सहभागी रहने जानकारी दिएका छन्।
प्रतियोगितामा ७० लाख खर्च हुने अनुमान गरिएकोमा मधेश सरकारले ४० लाख रुपैयाँ दिने अध्यक्ष भगतले बताए। प्रतियोगिताको प्रत्यक्ष प्रसारणमा खर्च हुने ५ लाख रुपैयाँ नेपाल क्रिकेट संघले दिने र बाँकी रकम विभिन्न प्रायोजकहरुबाट संकलन गरिने उनले बताए ।प्रतियोगिताको फाइनल खेल जेठ २७ गते हुनेछ।
प्रतियोगिताका खेलहरु जनकपुरधाम-१४ रजौलस्थित निर्माणाधिन रामजानकी अन्तर्राष्ट्रिय रंगशालामा हुने आयोजकले जनाएको छ।
प्रतियोगितामा विजेता टिमले ३ लाख रुपैयाँ र उपविजेताले २ लाख रुपैयाँसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।त्यस्तै बेस्ट ब्याट्सम्यानलाई १५ हजार, बेस्ट बलरलाई १५ हजार र म्यान अफ दि सिरिजलाई २५ हजार रुपैयाँ प्रदान गरिने नेपाल लोकतान्त्रिक खेलकुद संघ धनुषाका सभापति अखिल मढिले जानकारी दिए। उनले हरेक म्याचका म्यान अफ दि म्याचलाई ५ हजार रुपैयाँ दिइनेसमेत बताए।
लिगकम नकआउटको आधारमा हुने प्रतियोगितामा राष्ट्रिय स्तरको खेलहरुमा अपनाइने सम्पूर्ण मापदण्ड अपनाइने बताइएको छ। प्रतियोगिताको तयारी अन्तिम चरणमा रहेको आयोजकले जनाएको छ ।प्रतियोगिताको उदघाटन नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले गर्नेछन्। यसअघि पहिलो महेन्द्र नारायण निधि स्मृति टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता सप्तरीको राजविराजमा आयोजना गरिएको थियो।

# चुरे अभियानको पदयात्रा मातातिर्थमा

> निरन्तर वर्षामा पनि लागातार पदयात्रमा रहेका अभियानीहरु पदयात्राको एघारहौ दिन काठमाडौंको माईतिघर मण्डलामा पुग्ने अभियानका संयोजक सुनिल कुमार यादवले जानकारि दिए।



**मधेशदष्टि**
**जनकपुरधाम ।**
वीरगंजको सिर्सिया नदीलाई प्रदुषणमुक्त बनाउनुपर्ने लगायत चारबुंदे मागसहित संघ सरकारलाई झकझकाउन वीरगंज देखि काठमाडौं पदयात्रामा निस्केका चुरे तथा वनजंगल संरक्षण अभियानका अभियानीहरु चन्द्रागिरी नगरपालिकाको मातातिर्थमा पुगेको छ।
पदयात्राको दसौ दिन अभियानीहरु मलेखु हुदैं मातातिर्थ पुगेको हुन्।
निरन्तर वर्षामा पनि लागातार पदयात्रमा रहेका अभियानीहरु पदयात्राको एघारहौ दिन काठमाडौंको माईतिघर मण्डलामा पुग्ने अभियानका संयोजक सुनिल कुमार यादवले जानकारि दिएका छन्।
पहिलो चरणमा सरकारलाई ध्यानाकषर्ण गराउने र त्यसबाट पनि सुनबाई नभए अनिश्चितकालीन धर्ना कार्यक्रमको प्रारम्भ गर्ने उनले बताए।
चुरे संरक्षण,भुमिहिनलाई जग्गा,भ्रष्टाचारीलाई कारवाहीको माग सहित मधेश केन्द्रित आन्दोलन गर्दै आएका चुरे अभियानीहरु पहिलो पल्ट संघिय राजधानी केन्द्रित आन्दोलन गर्न लागेको यादवले बताए।

# दुर्घटनाग्रस्त युवकको प्रादेशिक अस्पतालद्वारा उपचार गर्न इन्कार

> दुर्घटनाबारे सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय गौशालाको टोली दुर्घटनास्थल पुगेर ति युवकलाई उपचारका लागि प्राथमिक उपचार केन्द्र गौशालामा भर्ना गराएको थियो।



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको गौशालामा सवारी दुर्घटनामा परेका एक युवकको प्रादेशिक अस्पताल जनकपुरधामले उपचार गर्न नमानेको घटना बाहिरिएको छ।
शनिबार बिहान महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर-३ मा परिचय खुल्न नसकेका एक युवक दुर्घटनामा परेपछि उनलाई उपचारका लागि तत्कालै प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइएको थियो।
दुर्घटनाबारे सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय गौशालाको टोली दुर्घटनास्थल पुगेर ति युवकलाई उपचारका लागि प्राथमिक उपचार केन्द्र गौशालामा भर्ना गराएको थियो।
त्यहाँ उनको उपचार सम्भव नहुँदा उनलाई प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको थियो ।तर, घटना महोत्तरीको हो भन्दै प्रादेशिक अस्पताल प्रसाशनले २ घण्टासम्म छटपटाइ रहेका ति बिरामीलाई भर्ना नगरेपछि प्रहरीले अन्ततः उनलाई जलेश्वर प्रादेशिक अस्पतालमा भर्ना गराएको थियो।
इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले घाइतेको उपचार अहिले जलेश्वरमा भइरहेको जानकारी दिए। प्रादेशिक अस्पताल जनकपुरधामले भर्ना नगरी लापरवाही र अमानवीय व्यवहार प्रदर्शन गरेको भन्दै आलोचना भइरहेको छ। यस सम्बन्धमा अस्पताल प्रशासनले कुनै प्रतिक्रिया दिएको छैन।

# ग्रीन स्पेस नेपालले विश्व वातावरण दिवस मनाउने



मधेशदृष्टि
जनकपुरधाम ।
ग्रीन स्पेस नेपालको अगुवाइमा ५१औं विश्व वातावरण दिवस २०८० मनाउने सन्दर्भमा सरोकारवालाहरूसँग समन्वय बैठक सम्पन्न भएको छ ।ग्रीन स्पेसको अगुवाइमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग विश्व वातावरण दिवस मनाउने सन्दर्भमा बृहत् बैठक सम्पन्न भएको हो।
आगामी जेठ २२ गतेका दिन विश्व वातावरण दिवस मनाउनका लागि तीन दिवसीय कार्यक्रमहरू सञ्चालन गर्न ७ सदस्यीय व्यवस्थापन समिति गठन गरिएको छ।
सो समितिले जेठ १५ गतेसम्म विस्तृत योजनासहितको जानकारी दिने ग्रीन स्पेसका अध्यक्ष धिरज साहले बताए ।ग्रीन स्पेसका अध्यक्ष धिरज साहको अध्यक्षता तथा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकमा बोल्दै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले वातावरण संरक्षण र हरियाली एवं सुन्दर नगरी निर्माणमा यस्त संस्थाहरूको महत्वपूर्ण भुमिका रहेको बताए।
उनले विश्व वातावरण दिवस भव्यताका साथ सम्पन्न गर्न सम्पूर्ण नगरवासीहरूलाईसमेत आग्रह गरे।
साथै उनले जनकपुरधामलाई प्लाष्टिकमुक्त शहर बनाउनका लागि सबैजनालाई हातेमालो गर्न आग्रहसमेत गरे। प्रमुख जिल्ला अधिकारी दाहालले जनकपुरधामबासीलाई प्लाष्टिकको बदला कपडाको झोला प्रयोग गर्न आग्रह गरे ।विश्व वातावरण दिवसको अवसरमा जेठ २२ गतेसम्म रक्तदान, वृक्षारोपण, विशेष सरसफाइ कार्यक्रम, जलवायु परिवर्तन सम्बन्धि अनुशिक्षण कार्यक्रमका साथै जनचेतनामूलक बृहत् र्यालीको आयोजना गरिने ग्रीन स्पेसका अध्यक्ष धिरज साहले बताए।
उनले भने, 'स्वच्छ वातावरण हाम्रो अधिकार हो। र, वातावरणलाई संरक्षण गर्नका लागि हामी सबैले एकजुट भएर काम गर्नुपर्दछ।'
बैठकमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिलगायत सुरक्षा निकायका प्रमुखहरूको समेत उपस्थिती रहेको थियो।

# राष्ट्रिय समस्या समाधान गर्न राष्ट्रिय सहमति आवश्यक छ : प्रधानमन्त्री



> 'कहीँ न कहीँ हामीले समझदारी र सहमति कायम गर्न आवश्यक छ', उनले भने, 'देशका अगाडि जे-जस्ता समस्या र चुनौती छन्, ती समस्या र चुनौतीको समाधान गर्न राष्ट्रिय सहमतिको आवश्यक छ।' प्रधानमन्त्री दाहालले देशका अगाडि विद्यमान समस्या, भ्रष्टाचार र बेथिति, विसङ्गतिविरुद्धको लडाइँ सबै मिलेरमात्रै जित्न सकिने छौं।

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आर्थिक सङ्कट, सुशासन, सामाजिक न्याय र समृद्धिमा देखिएको चुनौती सामना गर्न राजनीति दल र नेतृत्व एक भएर अगाडि बढ्न आवश्यक रहेको बताएका छन्।
प्रतिनिधिसभाको शनिबारको बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले राष्ट्रिय समस्या समाधान गर्ने, जनताको आवश्यकता र चाहना सम्बोधन गर्ने दृष्टिकोणबाट सबै दल एक ठाउँमा उभिन आवश्यक रहेको बताए।
'कहीँ न कहीँ हामीले समझदारी र सहमति कायम गर्न आवश्यक छ', उनले भने, 'देशका अगाडि जे-जस्ता समस्या र चुनौती छन्, ती समस्या र चुनौतीको समाधान गर्न राष्ट्रिय सहमतिको आवश्यक छ।' प्रधानमन्त्री दाहालले देशका अगाडि विद्यमान समस्या, भ्रष्टाचार र बेथिति, विसङ्गतिविरुद्धको लडाइँ सबै मिलेरमात्रै जित्न सकिने बताए।
मुलुकमा देखिएका तमाम बेथितिमा सरकारको ध्यान गएको उल्लेख गर्दै उनले सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित विषयलाई पनि सरकारले गम्भीरताका साथ लिएको बताए। 'राजस्वलगायत अन्य क्षेत्रमा देखिएका बेथितिमाथि सरकारको ध्यान छ, कदम-कदम गरेर ती सबै सच्याउनुपर्छ, त्यसका निम्ति सबै राजनीतिक दल र सदनको सहयोगको आवश्यक छ', प्रधानमन्त्री दाहालले भने।
तेस्रो कार्यकाललाई आफूले चुनौती र अवसरका रूपमा लिएको जनाउँदै उनले जनताको सङ्घर्षबाट प्राप्त परिवर्तन नै धरासायी हुने छटपटीको अन्त्य गर्न आत्मसमीक्षा गर्न जरुरी रहेको बताए। 'आफैँलाई 'करेक्सन' नगरी जनतामा पैदा भएको मनस्थितिलाई बदल्न सकिँदैन, मैले आफूलाई ठूलो अग्नि परीक्षामा रहेको महसुस गरेको छु, सम्पूर्णरूपमा सुशासन, सामाजिक न्याय र समृद्धिका निम्ति आफूलाई समर्पित गर्ने सङ्कल्प लिएको छ', उनले भने।
प्रधानमन्त्री दाहालले समृद्धिको अभियानको थालनीमा सबैको सहयोग आवश्यक रहेको बताए। अहिले सरकार र जनता एक ठाउँमा जोडिन थालेको आफूलाई अनुभूति भएको उल्लेख गर्दै उनले सरकारले चाल्न थालेका कदम र जनताको भावनामा सम्बन्ध जोडिँदै गएको बताए। उनले संसद् देश र जनताको सर्वोत्तम हित र सरोकारका विषयमा रचनात्मक छलफल गरी सकारात्मक उपाय पहिल्याउने थलो भएको बताए। लोकतान्त्रिक अभ्यासलाई थप परिष्कृत बनाउँदै लोकतन्त्रलाई अझ उन्नत र सुसंस्कृत बनाउने दिशामा सबैको ध्यान केन्द्रित हुन जरुरी रहेको उनको भनाइ थियो।
प्रधानमन्त्री दाहालले वर्तमान सरकार देशका सामु विद्यमान चुनौतीलाई सम्बोधन गर्दै सुशासन, समृद्धि र सामाजिक न्यायलाई प्रमुख प्राथमिकतामा राखी दृढतापूर्वक लागिपरेको जनाए। उनले नीति कार्यक्रम आर्थिक सामाजिक रूपान्तरणको नवीन सोचका कार्यक्रमसहित प्रस्तुत भएको बताए।
'नेपालको संविधानले दिशानिर्देश गरेका राज्य सञ्चालनका आधारभूत मान्यता, निर्देशक सिद्धान्त तथा नीति, विश्व समुदायसमक्ष गरेको प्रतिबद्धता एवं आवधिक योजनामा समावेश दीर्घकालीन महत्त्वका विषयलाई नीति कार्यक्रममा प्राथमिकीकरण गरिएको छ', उनले भने। प्रधामन्त्री दाहालले नीति कार्यक्रमले सरकारका नीतिगत प्राथमिकतालाई दिशाबोध गरेको र अन्य विस्तृत कार्यक्रम बजेटमार्फत सम्बोधन हुने विश्वास दिलाए। 'नीति कार्यक्रममा हाम्रो राष्ट्रिय आकाङ्क्षा प्रतिविम्बित भएको छ, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय हितको संरक्षण गर्दै सबल र न्यायपूर्ण नेपाल निर्माण गर्ने लक्ष्य दृढ सङ्कल्पका साथ ठोस कार्यक्रम अगाडि सारिएको छ', उनले भने।
प्रधानमन्त्री दाहालले प्रस्तुत नीति कार्यक्रमले सङ्घीयताको सुदृढीकरण, अर्थतन्त्रको संरचनात्मक सुधार र पुनरुत्थान, कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण, औद्योगिक क्षेत्रको प्रवर्द्धन, उत्पादन र रोजगार वृद्धिको स्पष्ट योजना अगाडि सारेको बताए।
'कृषि उत्पादन वृद्धि र रोजगारी सृष्टिका लागि बजेटमा नयाँ विशेष कार्यक्रम ल्याइने छ, त्यसले सात सय ५३ पालिकामा नयाँ वातावरण बन्नेछ', उनले भने, 'विकास निर्माणकार्यको निर्धारित लागत र समयमै सम्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्यलगायत सार्वजनिक सेवाको पहुँच र गुणस्तरीयता अभिवृद्धि, शासकीय सुधार, भ्रष्टाचार नियन्त्रण एवं सामाजिक न्याय र शान्ति सुरक्षा कायम गर्ने विषयलाई उचितरूपमा सम्बोधन गरिएको छ।'

# दक्षिण कोरियाले 'शिपबिल्डिङ' कम्पनीमा नेपाली कामदार लिने



**बिबिसि**

सन् २०२२ को कोरियाली भाषा परीक्षामा उत्पादनमूलक (म्यानुफ्याक्चरिङ) क्षेत्रका लागि उत्तीर्ण भएकी सिन्धुलीकी देवकुमारी रानाले हालै आफ्नो क्षेत्र परिवर्तन गर्न आवेदन दिएकी छन् । भूपरिवेष्टित देश नेपालमा जन्मिएकी र समुद्रमा नपुगेकी भएपनि आवेदन स्वीकृत भए अब एक महिनाभित्र उनी पानीजहाज बनाउने कम्पनीमा काम गर्न दक्षिण कोरिया पुग्नेछिन् ।

'भाषा परीक्षामा पास त भइयो तर जागिरको ग्यारेन्टी नहुने रहेछ, अहिले 'सेक्टर' परिवर्तन गर्दा कोरिया पुग्ने अवसर बढी हुने बुझेपछि मैले पानीजहाज बनाउने कम्पनीतर्फ जान आवेदन दिएकी हुँ,' उनले भनिन् । 'केटी मान्छेले पनि केटाले जस्तै जुनसुकै क्षेत्रमा काम गर्न सक्छन् जस्तो लाग्छ मलाई, त्यसैले पनि मैले 'सेक्टर' 'चेन्ज' गर्न खोजेको हो ।'

गत वर्ष तेश्रो पटक भाषा परीक्षा पास गरेका र पहिले एक पटक कोरिया पुगेर उत्पादनमूलक क्षेत्रमै काम गरिसकेका म्याग्दीका पूर्णबहादुर थापाले पनि हालै 'शिपबिल्डिङ' अर्थात् पानीजहाज बनाउने कम्पनीमा काम गर्नका लागि आवेदन दिएका छन् । उनी भन्छन्, 'पहिले हुन्डाई गाडी कम्पनीका लागि पार्टपुर्जा बनाउने कम्पनीमा काम गरेर सन् २०१७ मा नेपाल फर्किएको थिएँ, अब नयाँ क्षेत्र खुल्यो भनेपछि मलाई त्यसैमा जान मन लागेर निवेदन दिएको हुँ ।'

'शिपबिल्डिङ' क्षेत्रमा नेपाली कामदार सरकारी योजना अनुसार काम भएमा आगामी जुन महिनाको तेश्रो सातासम्ममा सिन्धुलीकी राना र म्याग्दीका थापाजस्तै सात सयभन्दा बढी नेपाली कामदारहरू कोरियाको 'शिपबिल्डिङ' क्षेत्रमा कामका लागि जानेछन् । नेपाली अधिकारीहरूले दिएको जानकारी अनुसार उनीहरूले त्यहाँ बढीमा सुरुका दुई महिनासम्म तलबसहित प्राविधिक तालिम प्राप्त गर्नेछन्, त्यसपछि नियमित कामदारका रूपमा जागिर पाउनेछन् ।

'शिपबिल्डिङ क्षेत्रमा यसरी नेपाली कामदारहरू जान लागेको यो पहिलो पटक हो । हुन त पहिले म्यानुफ्याक्चरिङ क्षेत्रमा गएका केही कामदारहरूले शिपबिल्डिङमा पनि काम गरेका हुन्', वैदेशिक रोजगार विभाग ईपीएस शाखाका निर्देशक पुष्पराज कटुवालले भने । उनका अनुसार हालसम्म कोरियाले रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रमा मात्र कामदार लिइरहेको थियो, यसपाली भने कोरियाले नेपालबाट करिब तीन हजार कामदारलाई पानीजहाज निर्माण क्षेत्रमा लिने भएको हो ।

'यसपाली शिपबिल्डिङमा पनि लाने भनेर कोरियाबाट आयो । यो पहिलो पटक भएकाले हामीले म्यानुफ्याक्चरिङतर्फको 'रोस्टर' मा भएकामध्ये एक हजार दुई सय १० जनालाई क्षेत्र परिवर्तनका लागि आह्वान गरेका थियौँ,' उनले भने ।

'त्यसमध्ये बिहीवारसम्म ७२६ जनाले क्षेत्र परिवर्तनका लागि आवेदन दिएका छन् । ईपीएस शाखाका अनुसार यसरी क्षेत्र परिवर्तन गर्नका लागि शुक्रवारसम्मको समय दिइएको छ ।

**तलब कति ?**

नेपालले सन् २००८ देखि सरकार-सरकारबीचको समझदारी अन्तर्गत ईपीएस प्रणालीबाट कामदार पठाउदै आएको छ । त्यसका लागि सुरुमा नेपालीहरूले कोरियाली भाषा परीक्षामा सहभागी भएर उत्तीर्ण हुनुपर्छ । त्यसरी उत्तीर्ण भएका मध्येबाट विभिन्न खाले मूल्याँकनको आधारमा कामदारहरू कोरिया जान पाउँछन् । ईपीएस प्रणालीमा कामदार छान्ने कार्यमा कोरियालीहरू नै प्रत्यक्ष रूपमा सामेल हुने गर्छन् ।

त्यसरी गएका नेपाली कामदारको अहिले न्यूनतम तलब मासिक करिब दुई लाख रुपैयाँ रहेको कटुवाल बताउँछन् । 'न्यूनतम मासिक तलब करिब दुई लाख रुपैयाँ नेपाली हुन्छ तर कम्पनी अनुसार त्यसभन्दा माथि तलब पनि हुने गर्छ,' उनले भने ।

**'शिपबिल्डिङ' निर्माण क्षेत्रमा कस्ता काम हुन्छन् ?**

कटुवालका अनुसार नेपाली कामदारहरूले पानीजहाज निर्माण क्षेत्रमा विशेषगरी वेल्डिङको काम गर्नेछन् । त्यस बाहेक पेन्टिङ र इन्सुलेसनको काम पनि नेपालीहरूले गर्न पाउनेछन् । 'नेपालीहरू पूर्ण दक्ष कामदार नभएकाले अन्य निर्माणमा सहभागी हुने सम्भावना कम हुन्छ,' उनले भने ।

पानीजहाज बनाउनका लागि विभिन्न निर्माण कम्पनीहरूले विभिन्न खाले सानासानादेखि ठूलाठूला उपकरण एवं सामग्री बनाउनुपर्ने हुन्छ र त्यस्ता कम्पनीमा नेपालीहरू जाने उनको भनाइ छ ।

कोरियाली विदेश मन्त्रालयका अनुसार कोरियाबाट निर्यात हुने प्रमुख वस्तुमध्ये पानीजहाज पनि मुख्य हो । मन्त्रालयको वेबसाइटमा राखिएको विवरण अनुसार 'कोरिया विश्वकै धेरै पानीजहाज बनाउने मध्येको एक देश' हो ।

कोरियामा नेपाली कामदार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पछिल्लो प्रतिवेदन अनुसार सन् २०२२ मा नेपालबाट कोरियामा १२ हजारभन्दा बढी कामदारहरू गएका थिए । तर सन् २०२१ र २०२० मा कोभिडका कारण एकदमै न्यून कामदार मात्र कोरिया पुगेका थिए । नेपाल र कोरियाबीच सरकार सन् २००७ मा ईपीएस प्रणालीबाट नेपाली कामदारहरू पठाउने एउटा सम्झौता भएको थियो ।

सोही सम्झौताका आधारमा सन् २००८ देखि नेपाली कामदारहरू कोरिया जान थालेका हुन् । सन् २०२१ को नोभेम्बरमा नेपाल र कोरियाले ईपीएस प्रणाली सम्बन्धी सम्झौता नवीकरण गरेका थिए । त्यस क्रममा कोरियाले बर्सेनि लाने नेपाली कामदारको कोटा बढाएको थियो । नयाँ व्यवस्था अनुसार हाल कोरियाले वार्षिक रूपमा औसत ८ हजार नेपालीलाई रोजगारी दिँदै आएको छ ।

# प्रहरी अधिकारी हत्या आरोपमा तीन पक्राउ




**एएफपी**
**सान साल्भाडोर ।**

एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले शुक्रबार एक प्रहरी अधिकारीको हत्या गरेको अभियोगमा तीन कथित गिरोह सदस्यलाई गिरफ्तार गरिएको घोषणा गरेका छन् । हत्या काण्डले यस महिनाको शुरुमा शहरको सैन्य घेराबन्दी निम्त्याएको थियो ।

अफिसर म्याक्सिमिनो भास्क्वेजको मे १६ मा भएको हत्याले बुकेलेलाई राजधानी सान साल्भाडोरबाट ८० किलोमिटर (५० माइल) उत्तरमा रहेको ३० हजार मानिस बसोबास गर्ने शहर नुभा कन्सेप्सियन वरपर ५,००० सिपाही र ५०० प्रहरी अधिकारीलाई 'सुरक्षा घेरा' स्थापना गर्न आदेश दिन वाध्य बनाएको थियो ।

'हामीले हाम्रो नायकको हत्या गर्नेको ठूलो मूल्य चुकाउने वाचा गरेका थियौं । हामीले उनीहरूको गुट नष्ट गर्यौं, उनीहरूका साथीलाई गिरफ्तार गर्यौं, उनीहरूका नेतालाई गिरफ्तार गर्यौं र आज हामीले तीन हत्यारालाई पक्राउ गर्यौं', राष्ट्रपतिले ट्विटरमा उल्लेख गरेका छन् ।

अहिले हिरासतमा रहेकाले देशमा फेरि कहिल्यै आतंक मच्चाउन नसक्ने पनि राष्ट्रपतिको दाबी छ ।

पक्राउ पर्ने जोस अर्मान्डो ओचोआ गुटेरेज, फ्रान्सिस एन्टोनियो गोमेज काल्डेरोन र साल्भाडोर एनरिक पोर्टिलो लान्डाभेर्डे रहेका छन् । उनीहरूलाई हाल ग्वाटेमालाको हिरासतमा राखिएको छ । ग्वाटेमाला प्रहरीले ट्विटरमा २७ वर्षीय पोर्टिलो लान्डाभेर्डे एमएस-१३ गिरोहको सदस्य रहेको र एल साल्भाडोरको सिमानामा रहेको जुटियापा विभागमा हिरासतमा राखिएको बताएको छ ।

साल्भाडोरका महान्यायाधिवक्ता रोडोल्फो डेलगाडोले पत्रकार सम्मेलनमा अधिकारीले पोर्टिलो ल्यान्भाडेर्डेलाई 'गोली चलाउने व्यक्ति' हो भनेर सार्वजनिक गरेका छन् । अभियोजकले तीनैजना विरुद्ध 'उत्तेजित हत्या' को आरोपमा ३० देखि ५० वर्षको जेल सजायको माग गरेका छन् ।

गत वर्ष बुकेले गिरोह विरुद्ध एक विवादास्पद 'युद्ध' शुरु गरेको थियो जसका कारण ६८ हजार भन्दा बढी सङ्दिग्ध गिरोह सदस्य वारेन्ट बिना पक्राउ गरिएको थियो ।

जनमतसंग्रहका अनुसार साल्भाडोरनका बीचमा धर्मयुद्ध व्यापक रूपमा लोकप्रिय साबित भएको छ तर मानवअधिकार संगठन र क्याथोलिक चर्चले बुकेलको तरिकाको आलोचना गरेका छन् ।

# अफगानद्वारा ईयुमा शरणका लागि आवेदन



**एएनआई**
**काबुल ।**

युरोपेली जनगणना ब्युरोले जनाएअनुसार गत महिनामा नौ हजारभन्दा बढी अफगान नागरिकले ईयु सदस्य राष्ट्रमा शरणका लागि आवेदन दिएका छन् । खामा प्रेस अनुसार यसरी शरण आवेदन दिने एकै महिनाको यो आँकडा उच्च हो ।

युरोपेली जनगणना ब्युरोका अनुसार चालु वर्षको शुरुमा युरोपेली संघका सदस्य राष्ट्रमा शरणार्थीको चासो गत वर्षको तुलनामा ४० प्रतिशतले बढेको छ ।

बिहीबार मासिक प्रतिवेदन सार्वजनिक गर्दै युरोपेली जनगणना ब्युरोले फेब्रुअरीमा मात्रै ७६ हजार ५०० व्यक्तिले ईयुमा शरणका लागि आवेदन बुझाएका छन् । यो संख्या गत वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

उपलब्ध तथ्यांकका आधारमा गत वर्षको फेब्रुअरीमा शरणका लागि आवेदन दिनेको प्रारम्भिक संख्या ५४,३७० रहेको थियो । तथ्यांक अनुसार सिरियाली र अफगानिस्तान पछिल्ला वर्षमा इयु सदस्य राष्ट्रमा शरण खोज्नेको सबैभन्दा ठूलो समूह हो ।

त्यसैगरी शरण आवेदनको ७७ प्रतिशत स्पेनमामा मात्र केन्द्रित छ भने जर्मनी, फ्रान्स र इटाली क्रमशः परेका रोजाइमा छन् ।

खामा प्रेसका अनुसार जर्मनीले मात्रै फेब्रुअरीमा २५,००० भन्दा बढी आवेदन प्राप्त गरेको छ । युरोपेली संघको तथ्यांक अनुसार नयाँ शरणार्थीमध्ये २,७४५ अभिभावक विहीन नाबालिग छन् भने १,०२५ अफगान नागरिक छन् ।

# पटाका विस्फोट हुँदा चार जनाको मृत्यु

**सिन्ह्वा**
**सिजियाजुआङ ।**

उत्तरी चीनको हेबेई प्रान्तको दाचेङ काउन्टीमा शुक्रबार भएको आतिशबाजी विस्फोटमा परी कम्तिमा चार जनाको मृत्यु हुनुका साथै दुई जना बेपत्ता भएका छन् । विस्फोट दिउँसो ४ बजे भएको थियो । जाङ्गटुन प्रहरी चौकीमा अधिकारीले अवैध रूपमा व्यापार भएको शंकास्पद आतिशबाजीको नमूना संकलन गरेर परीक्षण गरिरहेको बखत विस्फोट भएको थिए ।

प्रारम्भिक अनुसन्धानका अनुसार घटना स्थलमा ११ जना थिए । हालसम्म नौ जनाको उद्दार गरिएको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ ।

# चिनियाँ राजदूत र कूटनीतिज्ञ किसिन्जरबीच भेटवार्ता



**सिन्ह्वा**
**वासिङ्टन ।**

संयुक्त राज्य अमेरिकाका लागि चिनियाँ राजदूत झी फेङले शुक्रबार कनेक्टिकटको केन्टमा पूर्वअमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरसँग भेट गरेका छन् । चिनियाँ पक्षबाट राजदूतले विशिष्ट कूटनीतिज्ञ डा. किसिन्जरलाई १०० औं जन्मोत्सवको शुभकामना व्यक्त गरेका थिए ।

उनीहरूबीच चीन-अमेरिका सम्बन्धका विभिन्न आयामबारे विचार आदानप्रदान भएको थियो । सो अवसरमा द्वीपक्षीय सम्बन्ध थप मझबुद बनाउँने लगायत अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दा बारे पनि छलफल भएको बताइएको छ ।

# विस्फोटक उपकरणबाट बालकको मृत्यु




**सिन्ह्वा**
**मैदान शार ।**

अफगानिस्तानको पूर्वीवर्दक प्रान्तमा विगतका युद्धबाट बाँकी रहेका विस्फोटक पदार्थ विस्फोट हुँदा एक बालकको ज्यान गएको छ भने अर्का एक जना घाइते भएका छन् । सैद अबाद जिल्लाको शनिजदरा गाउँमा शुक्रबार बालबालिकाले खेलौना जस्तो यन्त्र फेला पारेको र त्यो खेलाउँदा विस्फोट भएको थियो ।

त्यसक्रममा एक बालकको घटनास्थलमै मृत्यु भएको छ भने अर्का गम्भीर घाइते भएको विज्ञप्ति मार्फत जानकारी गराइएको छ ।

यसरी द्वन्द्वग्रस्त मुलुकमा निर्दोष बालबालिकाको ज्यान गएको यो दोश्रो घटना हो । अघिल्लो यस्तै प्रकारको घटनामा मे २३ मा अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा भएको थियो । त्यस घटनामा विगतका युद्धबाट बाँकी रहेको खानी बिस्फोट हुँदा एक बालकको मृत्यु भएको थियो र दुई जना घाइते भएका थिए ।

अफगानिस्तान विश्वव्यापी रूपमा सबैभन्दा धेरै खानी प्रदूषित देशमध्ये एक मानिएको छ । विगत चार दशकका विभिन्न किसिमका युद्ध र गृहयुद्धबाट बाँकी रहेका विस्फोटन नगरिएका हतियारको विस्फोटका कारण हरेक महिना जसो दर्जनौं मानिस, प्रायः बालबालिका ज्यान गुमाउने र अपाङ्ग हुने गरेका छन् ।

# ट्विटरले ईयु डिसइनफरमेसन कोड छोड्दै

smartiapps

twitter

**एएफपी**
**ब्रसेल्स ।**

ट्विटरले युरोपेली संघको डिसइनफरमेसन कोड छोड्ने निर्णय गरेको छ । एक स्वैच्छिक सम्झौता अनुसार प्रमुख सामाजिक प्लेटफर्म एकसाथ समूह बनाउँदा यसका दायित्व रहन्छन् र त्यसको पालना हुनुपर्छ, ईयु उद्योग आयुक्त थियरी ब्रेटनले शनिबार ट्वीटमा उल्लेख गरेका छन् ।

सन् २०१८ मा शुरु गरिएको ईयुको डिसइन्फर्मेसनको अभ्यास कोडले मेटा, गुगल, ट्विटर, माइक्रोसफ्ट र टिकटकजस्ता सामाजिक सञ्जालसहित लगभग तीन दर्जन हस्ताक्षरकर्तालाई समावेश गरेको थियो । त्यसबेला कोड प्रयोगकर्ताले तथ्य-जाँचकर्तासँग विकृत्ति वितरण गर्ने संरचनालाई बढावा नगर्ने जस्ता तीन दर्जन भन्दा बढी प्रतिज्ञा गरेका थिए ।

आफूले प्रतिज्ञा गरेका कुराको पालना गर्नु आवश्यक हुन्छ तर एलन मस्कले ट्वीटरको स्वामित्व लिएपछि प्रतिज्ञाको पालनामा अनुदार रहेका पाइन्छन् ।

युरोपेली आयोगका एक अधिकारीले शुक्रबार भनेका थिए, 'यदि (एलोन मस्क) ले कोडलाई गम्भीरतापूर्वक लिएनन् भने उनले राजीनामा दिनु राम्रो हुन्छ ।'



*अन्तरवार्ता*

# पोहोरकै हाराहारीमा बजेट ल्याउँछौं



❝ *संजय कुमार यादव*
*अर्थमन्त्री, मधेश सरकार* ❞

*सर्लाहीको कविलासी गाउँपालिका वडा नम्बर १० घर भएका कलिलो ठिठो संजयकुमार यादव संघ तथा प्रदेशमै सबैभन्दा कान्छो मन्त्री हुन् । उनले मलंगवास्थित माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेर भारत आन्ध्र प्रदेशस्थित विजयवाडास्थित कलेजबाट प्लस टू अध्ययन गरेका छन् । भारत आन्ध्रप्रदेशमै रहेको श्रीराम टेक्नोलोजीबाट बायोलोजीमा स्नातकोत्तर गरे । त्यसपछि नेपाल फर्किए । उनी काठमाडौँस्थित त्रिभुवन विश्वविद्यालयबाट राजनीतिक शास्त्रमा स्नोतकोत्तर गरिरहँदा त्यतिबेला नै मधेश आन्दोलनका विभिन्न मुभमेन्ट तराई-मधेशदेखि काठमाडौँमा सुरु भइसकेको थियो । त्यहाँ उनी मधेशी पिपुल्स राइट्स फोरममार्फत मधेश आन्दोलनको अभियानमा जुटे । उनले त्यतिबेला काठमाडौँ उपत्यका हेर्ने जिम्मेवारी पाएका थिए । र, त्यतिबेला नै मधेशमा प्रथम जनविद्रोह भएको थियो ।*

*उनले त्यतिबेला काठमाडौँ उपत्यकाको अनुमगन र आन्दोलनको अगुवाईलगायतका कार्य गरेका थिए । त्यसपछि उनी मधेशी विद्यार्थी फोरमको केन्द्रीय सदस्य, मधेशी युवा फोरमको केन्द्रीय सचिव, त्यसपछि युवा फोरमको राष्ट्रिय अध्यक्ष हुँदै जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य बने । यसअघि, भएको प्रदेशसभा निर्वाचनमा पनि निर्वाचित भएका यादव यसपटक पनि निर्वाचित भए । उनी सर्लाही क्षेत्र नम्बर ३ को 'ख' बाट निर्वाचित भएका थिए भने यसपटक पनि सोही क्षेत्रबाट पुनः निर्वाचित भए । मधेश प्रदेशका अर्थमन्त्री संजयकुमार यादव भन्छन्, 'विद्यार्थी, युवा, पार्टीको मूल संगठनमा अहिले छु । सबै ठाउँमा निर्वाचित हुँदै राजनीतिमा निरन्तररुपमा संलग्न रहँदै आएको छु ।'*

*उनले मधेशदृष्टिका किरण कर्णसँग प्रदेशको नीति तथा कार्यक्रम योजना र बजेटको सेरोफेरोमा रहेर कुराकानी गरेका छन् ।*

**मधेश प्रदेश सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रमका लागि के कस्ता तयारी थाल्नु भएको छ ?**

➲ यसमा हामी ब्याकअप र सघनतम् छलफलमा जुटेका छौँ । अर्थसँग सरोकार राख्ने हरेक क्षेत्रः उद्योग वाणिज्य संघ, व्यवसायी, अर्थविद्, नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष, माननीयज्यूहरु, प्रदेशका सचिव, राजनीतिक दललगायत सबैसँग निरन्तर छलफलमा रहेका छौँ । त्यही अनुसार हामी यथार्थपरक नीति तथा कार्यक्रम ल्याउने तयारीमा छौँ । जनमुखी जनताको आवश्यकतालाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम योजनासहितको बजेट ल्याउने तयारीमा छौँ ।

अहिले एकातर्फ संकुचनको कुरा, अर्कोतर्फ बजेट ल्याउने काम थाल्नु भएको छ, यस्तो अवस्थामा ल्याउन लाग्नु भएको नीति तथा कार्यक्रममा कस्ता योजनालाई प्राथमिकता दिइएको छ ?

खास गरेर यो समय नै चुनौतीपूर्ण छ, आर्थिक मन्दी विश्वव्यापीरुपमै आएको छ । कोरोना संक्रमण र रुस युक्रेन युद्धले गर्दा पनि मुलुकमा यसको निकै प्रभाव परेको छ । अहिलेको समय निकै चुनौतीपूर्ण हो । त्यसैले हामीले नीति तथा कार्यक्रम ल्याउँदा विशेष परिस्थिति अनुसार आवश्यकताका आधारलाई पहिचान गरेर त्यसलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम योजनासहितको बजेट ल्याउने छौँ ।

अहिले आर्थिकरुपमा पनि मुलुक पनि संकुचनको प्रभावमा रहेको छ । त्यसैले शिक्षा, स्वास्थ्य, कृषि, प्रदेशको विकास निर्माणसहितका विभिन्न पूर्वाधारलगायतका क्षेत्रलाई समेटेका छौँ । त्यस्तै, पर्यटन प्रवृर्द्धनको क्षेत्रमा पनि लगानी गर्दै पहिलाको प्रोजेक्टलाई जुन चालु अवस्थामा छ, त्यसलाई पनि समावेश गरेर बजेट ल्याउन लागेका छौँ ।

**तत्कालीन सरकारले पहिलो पटक बजेट ल्याउँदा सस्तो लोकप्रियतालाई प्राथमिकतासाथ ल्याउँदा त प्रदेश सरकारले मुरही कचरीसमेतको उद्योग स्थापना गर्न सकेनन्, अन्य उद्योग कलकारखना पनि खोल्न सकेन, शिक्षा क्षेत्रमा पनि अवस्था निकै दयनीय छ भने कृषि क्षेत्र तर्फ पनि काम गर्न नसकेको देखिन्छ । मधेश प्रदेश सरकारले प्रादेशिकस्तरको विद्यालय स्थापनादेखि कृषि क्षेत्रमा प्रभावकारी योजना किन ल्याउन सकिरहेको छैन ?**

➲तपाईंले अति महत्वपूर्ण सवाल उठाउनु भयो । खास गरेर यसपटक हाम्रो ध्यान शिक्षा र कृषि तर्फ नै मुख्यरुपमा छ । संघीय सरकारले संघीय शिक्षा ऐन नल्याउँदा हामी अलमलमा परिरहेका छौँ । किनभने संघीय सरकारले ल्याउने ऐन कानुनलाई आधार बनाएर हामी बढ्नुपर्ने हुन्छ, त्यसको अभावमा हामीले गर्न खोजे पनि ठोसरुपमा हामीले गर्न सकिरहेका छैनौँ ।

हामीले प्रदेश सरकारको स्थापना भएलगत्तै प्रदेश प्रहरी ऐन ल्यायौँ । संघीय सरकारलाई दबाबस्वरुप संघीयता कार्यान्वयनको मुख्य आधारलाई अघि बढायौँ । तर संघीय सरकारले संघीय प्रहरी ऐन, निजामती कर्मचारी ऐनलगायतका महत्वपूर्ण ऐन नल्याउँदा प्रदेश सरकार चलाउन समस्या भएको हो । यी ऐनहरुको अभावमा हामीले कुनै पनि किसिमको कामहरु लागु तथा कार्यान्वयन गर्न सकिरहेका छैनौँ ।

शिक्षामा फोकस गरेर नमूना विद्यालयय स्थापना गर्न लागेका छौँ । प्रत्येक जिल्लामा गर्ल्स कलेज स्थापना, कृषि विश्वविद्यालयका विभिन्न संकायको स्थापनासँगै विस्तार र पठनपाठनको अवधारणा तथा अन्य जिल्लामा पनि अध्ययन अध्यापनको व्यवस्थापन सहितको सेवा विस्तार गर्ने सिलसिलामा हामी लागिपरेका छौँ ।

खासगरी मधेश विश्वविद्यालय जुन प्राविधिक विश्वविद्यालय हो । यसमा पनि पठनपाठनको सुरु भइसकेको छ भने विभिन्न संकाय पनि स्थापना गरिएको छ ।

यसरी शिक्षा क्षेत्रमा पनि हामीले फड्को मारिरहेकै छौँ । अझै पनि यसलाई थप प्रभावकारी बनाउन हामीले यसको पूर्वाधार, ल्याब, खेलकुद मैदान, बालबालिकालाई चाहिने अत्यावश्यक सामग्री र जिल्लाका हरेक विद्यालयलाई बालमैत्री बनाउने योजनाअनुसार मधेश सरकार अघि बढिरहेको छ ।

मधेश प्रदेशको मुटु भनेकै कृषि हो । कृषिलाई प्राथमिकतामा राखेर विभिन्न कार्ययोजना बनाएका छौँ । विगतमा दिँदै आएको अनुदानलाई एकीकृत गरेर उद्योग, सिचाइँ अन्तर्गत ठूला, मझौला, साना योजनालाई पनि वर्गीकरण गरेका छौँ । त्यस्तै ग्रामीण विद्युत् परियोजना अन्तर्गत कृषि विद्युतसमेतलाई प्राथमिकतामा राखेका छौँ ।

मलखाद, बिउबिजनलगायतको उत्पादन र सब्सिडी कार्यक्रममार्फत किसानकै खातामा पैसा जाने व्यवस्था, अटो मोबाइलमार्फत माटो परीक्षणका कार्यहरु भइरहेका छन् ।

त्यस्तै, युवा वैदेशिक रोजगारमा पलायन भइरहेको अवस्थामा आफ्नै प्रदेश र गाउँठाउँमा कामकाजको वातावरणका लागि कृषि क्षेत्रमाथि बढी जोड छ । त्यस्तै, मधेश प्रदेशमा उद्योग, कलकारखनालगायतका स्थापना हुन सकिरहेको छैनन् । यसका लागि पनि हामी बुझ्दैं छौँ । कहाँ समस्या छ, यसका लागि के गर्नुपर्छ, त्यसतर्फ पनि हामीले ध्यान केन्द्रित गरेका छौँ ।

यो देशको कुल बजेटमध्ये १.९९ प्रतिशत बजेट अर्थात दुई प्रतिशत भन्दा पनि कम बजेट हामीले पाइरहेका छौँ । हामीलाई न्यायोचित राजस्व बाँडफाँड भएको छैन । त्यहाँ हामीप्रति संघीय सरकारले अन्याय गरेको छ । हामीमाथि गरिएको विभेद तत्काल हटाउनुपर्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ६ को उपदफा १ बमोजिम जसले मूल्यवृद्धि कर र अन्तशुल्क करबाट उठेको राजस्वको बाँडफाँड त्यहाँबाट हुने गर्छ । नेपाल सरकारले ७० प्रतिशत बजेट राख्ने र १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहको सरकारलाई उपलब्ध गराउने गरेको छ । जुन न्यायोचित कदापी हैन । यसलाई सच्याउनुपर्छ । प्रादेशिक संरचनामा आइसकेपछि यसलाई व्यवस्थित बनाउनुपर्छ । यो अनैतिक, अन्याय हो । प्रदेशहरुप्रति संघीय सरकारले राजस्व र अन्तशुल्कबारे थप सोच्नुपर्ने अवस्था छ । बजेट सिलिंग र राजस्वको दायरा फराकिलो पार्नुपर्छ । अर्को राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगमार्फत राजस्व बाँडफाँडका लागि अध्ययन गरी पुनः समीक्षा गरिनुपर्छ ।

मानव विकास सूचकांक योजनाअनुसार जनसंख्याको आधारमा बजेट विनियोजन हुनुपर्ने हाम्रो माग छ । संघीय सरकारबाट वितरण हुने सम्पूरक बजेट र सःशर्त अनुदान पनि न्यायोचित होस् भन्ने हाम्रो माग हो । हामीलाई मनोरञ्जन कर, कृषि कर, घर जग्गा कर, सवारी करबाहेक अरु कर नै दिएको छैन । अरु करहरु उठाउन पनि अधिकार संघीय सरकारले दिनुपर्छ । अनि हाम्रो अवस्था केही रुपमा ठिक हुनसक्छ । राजश्व अभिवृद्धि गर्ने र कामको थालनीमा लागिपरेका छौँ । अर्थ मन्त्रालयले एउटा युनिटै खडा गरेर अघि बढ्ने योजना लिएको छ । जसमा एक सय वटा प्रोजेक्ट निर्माण गर्दैछौँ । जसमा सयवटा प्रोजेक्टको एउटा बैंक निर्माण गर्दैछौँ । अर्को भूमि व्यवस्थापन ऐन र गुठी ऐन निर्माणको अन्तिम चरणमा छ । यस ऐनमार्फत जग्गाको वर्गीकरण गरी ल्यान्ड बैंक बनाउने र अर्को प्रदेशमा आवश्यकता के छ, शिक्षा, स्वास्थ्य, प्रदेशको भौतिक पूर्वाधारको आवश्यकता, सिचाइँको बेसलाइनको डाटालाई नीति तथा कार्यक्रममा समावेश गरेका छौँ ।

हामी तीनवटा पी अर्थात पब्लिक प्राइभेट पार्टनरसीपको अवधारणाअनुरुप सार्वजनिक निजी साझेदारी कार्यक्रमको अनुशरण गर्दै छिट्टै नै लगानी सम्मेलन गर्दछौँ । यस लगानी सम्मेलनबाट सयवटा प्रोजेक्टका लागि विभिन्न उद्योगपतिसँग, दातृनिकायहरुसँग, लगानीकर्तासँग पनि सरसल्लाह सुझावसहित तत्कालै योजनामा काम थाल्छौँ । र, इच्छुक रहेका लगानीकर्तासँग तत्कालै यस प्रोजेक्टको कामका लागि लगानी लगाउन आग्रह गर्नेछौँ । जुन मधेश प्रदेश सरकारको निकै नै महत्वाकांक्षी कार्ययोजना हो ।

**टेन्डरका कामहरु पनि सरकारले उपभोक्ता समितिमार्फत नै गरेको देखिन्छ, टेन्डर प्रक्रियालाई बेवास्ता गर्दै उपभोक्ता समितिलाई प्रोत्साहन गर्ने र अर्कातर्फ ठेकेदारको रजाइँ देखिन्छ, सदनमा पनि तपाईंहरुमाथि कमिसन लिने, भ्रष्टाचार गर्ने र अनियमित तरिकाले कामकाज भएको भनी खुलेआम कुरा उठ्यो र अर्कोतर्फ समितिमार्फत काम सम्पन्न भइसके पनि रकम भुक्तानी नगर्ने सरकारको नियत देखिन्छ नि ?**

➲त्यसो होइन, यो विगतकै सरकारको पालामा भएको कामकारबाहीका बारे उठेका समस्याहरु हुन् । विगतकै समस्या रहे पनि हाम्रो पालामा पनि मुद्दा उठेको हो । तर जे जति भए पनि समस्या भने जटिल नै छ । यसखाले जटिल समस्या समाधानका लागि हामी लागिपरेका छौँ ।

विगतमा गएको कोरोना संक्रमण, वर्षातको बाढीका कारण समस्या उत्पन्न भएको हो । उपभोक्ता समितिले त्यतिबेला काम गर्‍यो । तर कोरोना संक्रमणकालमा विकास निर्माणका सम्पूर्ण काम रोकियो । कतिपय सम्पन्न भइसकेको थियो । केही सम्पन्न हुन थोरै बाँकी थियो । केही अधुरा काम पनि थियो भने बाढीको कारण पनि विकास निर्माणका काममा समस्या देखियो । फेरि अर्को तर्फ काम सम्पन्न भइसकेकाहरु भुक्तानी नपाइने नियति पनि देखियो । यसलाई हामीले दीर्घकालीन समस्या समाधानतर्फ हामी अग्रसर भएका छौँ ।

हुन त उपभोक्ता समितिमार्फत राम्रा काम पनि भएका छन् । तर प्रदेशको खरिद ऐनको अभावमा यस्ता समस्या र भुक्तानीका आवाज बेलाबेला उठेकै छन् ।

हामीले खरिद ऐन निर्माण गरेर यसलाई अझै व्यवस्थित, पारदर्शी, नियन्त्रणमुखी बनाउन जवाफदेही बनाउन पनि खरिद नियमावली ऐन निर्माणको अन्तिम चरणमा छौँ । आफ्नै खरिद ऐन निर्माण प्रक्रिया अघि बढाइसकेका छौ ।

अर्को, तपाईंले भन्नुभयो उपभोक्ता र ठेकेदारमार्फत भएको विकास निर्माणको कामको समस्या, त्यो पनि समस्या नै हो । कोरोनाकालमा भएका विकास निर्माणको कामले गर्दा विभिन्न परियोजना अलपत्र परेको छ भने योजना र थोरै मात्र बाँकी रहेका काम पनि संघीय सरकारको खरिद नियमावली, खरिद ऐन संशोधन गरेर २०८० चैत मसान्तसम्मको म्याद थप गरेर काम सम्पन्न गरिनेछ ।

काम सम्पन्न भए पनि पाउनुपर्ने रकम भुक्तानीका लागि सदनबाटै उच्चस्तरीय संसदीय छानबिन समिति गठन भएको छ । समितिले काम गरिरहेका छन् । अन्तिम चरणमा काम गर्न बाँकी रहेको छ । पेस भएलगत्तै सदनबाट पास भएपछि रकम भुक्तानी हुने छ । आगामी दिनमा अब यस्ता समस्या भने आउँदैनन् ।

जहाँसम्म कमिसन भ्रष्टाचारका कुरा छ । त्यो सतही मात्र हो । यस प्रदेशमा जथाभावी आरोप सुरुदेखि नै प्रदेश सरकारमाथि लगाउने गरिएको छ । जुन गलत हो । यस्ता आरोप संघीयता विरोधी, संघीयता अपच हुने समूहहरुले प्राप्त उपलब्धीलाई षड्यन्त्रपूर्वक निमिटयान्न पार्न चाहिरहेका छन् ।

संघीयताको जननी मधेश प्रदेश हो । अध्यक्ष उपेन्द्र यादवज्यूकै कारणले प्राप्त भएको उपलब्धीको रक्षाका लागि पश्चगामीहरुले यस्ता मिथ्या आरोप लगाउने गरेका छन् । यसप्रति हामी निकै गम्भिर र संवेदनशील छौँ ।

डायनामिक पर्सन राष्ट्राध्यक्ष उपेन्द्र यादवज्यूकै मधेशमा भएको जनविद्रोह, वीरहरुको सहादतले प्राप्त भएको संघीय, गणतन्त्र, समावेशी, समानुपातिक, धर्मनिपेक्षता, पहिचानलगायतमाथि प्रहार गर्न खोजिएको हो ।

यहाँ कुनै पनि हालतमा सुशासनमा कम्प्रोमाइज हुँदैन । शून्य सहनशीलताको नीति लिएर मधेश सरकार अघि बढेको छ । । आमागी दिनमा अझै प्रभावकारी बनाउन खर्चको दायरा, बजेट सिलिङमै निर्माण क्यालेन्डरसहितको कार्ययोजना र कार्यतालिका अनुसार विकास निर्माणका काम सम्पन्न गर्नुपर्नेछ । अर्कोतर्फ बजेट अत्यधिक खर्च हुने समयमै बजेट कार्यान्वयन, खर्च मार्ग निर्देशन हरेक मन्त्रालय, कार्यालय, विभाग, शाखासहितकामा पत्राचार गरिनेछ । त्यसपछि यी वाहियातका आरोपहरु स्वतः खण्डन हुनेछ । यी तमाम समस्या समाधान हुनेछ । र यसले मधेश सरकारको कामकारबाहीहरु पनि देखिनेछ ।

**कोरोना संक्रमणकालमा व्यापारी व्यवसायी पलायन भए, महँगी पनि बढ्यो, आमजनतालाई पनि निकै पिरोल्यो । यसको असर अहिले पनि छदैँछ । यसलाई नीति तथा कार्यक्रममा कसरी लिइएको छ ?**

➲खास गरेर प्रदेश सरकारले व्यापारी तथा व्यवसायी तथा आमजनतामा पनि कोरोनाकालमा निकै समस्या भएको छ । यसको असर अहिले पनि हामीले भोगिरहेका छौँ । आर्थिक मन्दीको अवस्था, व्यापारी लगानी लगाउन छाडेका छन्, पलायन हुँदैछन्, युवा भारी मात्रामा वैदेशिक रोजगारमा गइरहेका छन् । गाउँ समाजबाट युवा रितिदैँछ । यसप्रति हामीले गम्भीरतासाथ लिएका छौँ ।

व्यापारी तथा व्यवसायीको सवालमा उद्योग वणिज्य संघका पदाधिकारी, विभिन्न व्यवसायी संस्था, अर्थविद्, नीति तथा योजना आयोगका पूर्व तथा वर्तमान पदाधिकारी र सरोकारवालसँग छलफलमा छौँ । उहाँहरुसँग प्याकेज नै बनाएर सम्बोधन गर्ने योजना छ । पीडित भएका व्यापारी, व्यवसायीलाई राहत, छुटको व्यवस्था गर्न सकिन्छ । यसका लागि हामी पहल गरिरहेका छौँ ।

अहिले हामीले व्यापारी व्यवसायीलाई नै मध्यनजर गरेर सार्वजनिक निजी साझेदारी कार्यक्रममा जोड दिएका छौँ । यसमा युवा उद्यमशीलतालाई समेट्ने कार्यक्रम ल्याएर मधेश सरकारकै तर्फबाट परिपक्व समझदारीका साथ प्रदेश सरकारको साझेदारीमा कार्यक्रम ल्याउने भएपछि यी समस्या पनि समाधान हुँदै जानेछ ।

**विगत भन्दा यस वर्षको बजेटको आकार प्रकार कस्तो रहनेछ ?**

➲यस वर्षको बजेट विगत भन्दा २० प्रतिशत कटौती हुनेछ । विभिन्न परिस्थितअनुसार २० प्रतिशत बजेट खर्च कटौती संघीय सरकारले नै गर्नेछन् । आर्थिक मन्दीको अवस्था सृजना अहिले नै भइसकेको छैन । विगतका परियोजना र योजना सञ्चालन गर्ने नीति रहेको छ भने आमजनताको अपेक्षा, आकांक्षाअनुसार मधेश सरकारको परियोजनाअनुसार नै आउने छ । तर भनिए जस्तो हाम्रो प्रदेशको अवस्था अन्य प्रदेश भन्दा राम्रो र अब्बल छ । विगतकै हाराहारीमा यस वर्षको पनि बजेट आउनेछ ।

**अहिले गठबन्धनको सरकार छ, गठबन्धनको सरकार हुँदा नीति तथा कार्यक्रम र बजेट ल्याउन कतिको समस्या र चुनौती छ ?**

➲स्वाभाविकरुपमै चुनौतीपूर्ण नै छ । तर गठबन्धनमा रहेका घटक दलबीच समझदारी र एकरुपता छ । आमजनताको आवश्यकतालाई मध्यनजर गर्दै समृद्धि, उन्नति, प्रगतिका लागि मधेश सरकारले काम गर्ने हो । प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, कृषि, सिचाइँ, यातायात, पर्यटनलगायतका प्रमुख क्षेत्रमा मधेश सरकार एकीकृतरुपमै काम गर्ने कार्य योजना भएकाले घटक दलसँग निरन्तर छलफल, सहकार्य र समन्वय भइरहेको छ । यसपटक साझा नीति तथा कार्यक्रम र साझा बजेट आउने छ । यसमा कुनै समस्या छैन ।

**अन्तिममा मधेशदृष्टिमार्फत के भन्न चाहनुहुन्छ ?**

➲धन्यवाद, यहाँहरु मार्फत आमजनतासमक्ष सन्देश पुर्‍याउने अवसर दिनु भएकोमा । खास गरेर हाम्रो ध्येय नै जनताको हितलाई सर्वोपरी मानेर जनहितलाई प्राथमिकतामा राखेर प्रदेशको गौरवको परियोजनालाई अघि राखेर थोरै प्राथमिकताका क्षेत्रलाई मध्यनजर गर्दै समयमै जनतासँग जोडिएका विकास निर्माणका काम सम्पन्न गर्न सक्नु नै मुख्य एजेण्डा हो । यसका लागि हामी सदैव तत्परता साथ काम गर्नेछौँ ।

## १५ करोडको लगानीमा क्याथल्याब सेवा सुरु

मधेशदृष्टि
वीरगंज ।

वीरगंज हेल्थ केयर अस्पतालमा शनिबारदेखि क्याथल्याब सेवा सुरु भएको छ ।

सन २०१८ मा पनि अस्पतालमा क्याथल्याब सेवा सुरु भएको थियो । करिब एकसयजनालाई उपचार गरेपछि कोभिडको संक्रमणसँगै सेवा बन्द भएको हो ।

नयाँ उपकरण ल्याएर अस्पतालले अत्याधुनिक सेवा सुरु गरेको अस्पतालका प्रबन्ध निर्देशक डाक्टर अबुल हैसले बताए ।

'गंगालाल हृदयरोग केन्द्रका विशेषज्ञ डा. रवि मल्लको नेतृत्वमा टोलीले सेवा दिनेछन्,' हैसले भने, 'हामीले काठमाडौँको गंगालाल हृदयरोग केन्द्रस्तरकै सेवा दिएका छौँ र त्यही दररेटमा सेवा दिनेछौँ ।'

'विश्वकै गुणस्तरीय उपकरण ल्याएर सेवा दिन सुरु गरेका हौँ,' हैसले भने, '१५ करोड रुपैयाँ लगानी गरेका छौँ र भारतको पटनादेखि नेपालका मधेश प्रदेशसँगै कोशी, बागमती, प्रदेशका सर्वसाधारणले सेवा लिन सक्नेछन् ।'

अस्पतालमा डा. रवि मल्ल, डा. विनय रौनियारलगायतको टोलीले सेवा दिनेछन् भने वीरगंजमा अरु डाक्टरको टोलीले सेवा दिनेछन् । दैनिक ३० भन्दा बढीले अस्पतालमा क्याथल्याब सेवा लिन सक्नेछन् ।



### २७ वर्ष सेवा



क्याथल्याब सेवामा २७ वर्ष बिताएका डा. रवि मल्लको टोली वीरगंज हेल्थ केयर अस्पतालमा क्याथल्याब सेवामा सक्रिय छ । उनले भने, 'हामी वीरगंजमा रहेका टोलीलाई पनि क्याथल्याब सेवा दिन सक्ने विशेषज्ञ टोलीका रुपमा तयार पार्ने गरी काम पनि गरिरहेका छौँ ।' डा. मल्लसँग नेपालमै क्याथल्याब सेवा आरम्भ गराएदेखि उपचारको अनुभव रहेको छ ।

'खोइ कतिलाई उपचार गरियो, संख्या भन्न सकिन्न,' डा. मल्लले भने, 'अहिले त टोली नै तयार छ, यो टोलीले गरेको उपचारको नेतृत्व पनि मेरै नाममा हुने भएकाले अझ यकिन संख्या छैन, जे होस् हामी सकेको उपचार गरिरहेका छौँ, यसैमा सक्रिय भइरहेका छौँ ।'

### विपन्नलाई सरकारी छुट



अस्पतालका प्रबन्ध निर्देशक डा. अबुल हैसले भने, 'सरकारले हरेक प्रदेशमा एउटा कार्डियो सेन्टर खोल्ने भनेर नीतिमै राखेको छ, मधेश प्रदेशमा हामी हौँ । मुटु रोगको उपचार गर्दा सरकारले विपन्नलाई दिने एक लाख रुपैयाँ छुट पनि हामीकहाँ पनि उपलब्ध छ ।'

अस्पतालमा गंगालाल हृदयरोग केन्द्रका विशेषज्ञ टोलीको अलाब वीरगंजका डाक्टरहरु शाहिद मूर्तुजा, एम. इजहारले पनि क्याथल्याब सेवा दिने छन् ।

### के हो क्याथल्याब ?

क्याथल्याब अर्थात् कार्डियाक क्याथिराइजेशन ल्याब्रोटरी । मुटुमा पुग्न विभिन्न रक्तनलीको प्रयोग हुँदा रक्तनलीमा कुनै समस्या छ कि छैन भनेर रोग पहिचान गरिन्छ । समस्या देखिए उपचार गर्नु पर्ने हुन्छ । इन्टरनेभ्सनमार्फत् मर्मत गर्ने काम पनि क्याथल्याबबाटै गरिन्छ ।

क्याथल्याब मुख्य गरी मुटु रोग र नसासम्बन्धी रोग पहिचान र उपचारमा प्रभावकारी हुने गर्दछ । शतप्रतिशत नतिजा दिन्छ । जस्तै हृदयाघात भएको छ कि छैन ? छ भने कुन नसामा भएको छ, कति प्रतिशत भएको छ भन्ने क्याथल्याबबाट



प्रष्ट हेर्न सकिन्छ । हृदयाघात भएको छ भने पनि क्याथल्याबबाटै उपचार गर्न सकिन्छ । मुटुका अन्य रोग पत्ता लगाउन र उपचार गर्न पनि क्याथल्याब उपयोगी हुन्छ । मुटुको दाहिने साइडको प्रेसर कस्तो छ ? देब्रे साइडको चेम्बर कस्तो छ ? कुनै भल्ब साँघुरो छ भने फुकाउन पनि सकिन्छ । भल्ब फुकाउने प्रक्रियालाई पिटिएमसी भनिन्छ ।

क्याथल्याब मुटुको रक्तनलीले नियमित काम गरेका छ, छैन वा समस्या छ कि छैन ? रक्तनदीमा कोलेस्ट्रोलर कति मात्रामा जम्मा भएर कति साँघुरो भएको छ भनेर पत्ता लगाउने प्रविधि पनि हो । हृदयघात भएको खण्डमा रक्तनदीमा एउटा जाली राखेर एन्जियोप्लास्टी गर्दछौं । यो प्रयोजन पनि क्याथल्याबमा हुन्छ ।

रक्तनलीमा कोलेस्ट्रोल जम्मा भएर साँघुरा भएका नसालाई एन्जियोग्राफी माध्यमबाट खुलाउने काम गरिन्छ ।

मधुमेहको समस्या भएका, श्वास फेर्न गाह्रो हुने, छाती गह्रौं हुने, हिँड्दा गाह्रो हुने, ग्यास्ट्रिकको दुखाई जस्तो लामो समयसम्म दुखिरहने, पसिना आए जस्तो हुने, अलिकति हिँडाइपछि थकित हुने जस्ता समस्या भएका व्यक्तिलाई मुटुको रक्तनलीसम्बन्धी रोग हुन सक्छ । यस्ता व्यक्तिलाई समस्या हो कि होइन भनेर शतप्रतिशत निर्क्यौल गर्न एन्जियोग्राफी गर्नुपर्छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन